जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ४२, २०७४ साल माघ २६ गते शुक्रबार, नेपाल संवत् ११३८ (Feb. 9, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## भारतले मच्चायो माल्दिभ्समा बितण्डा

काठमाडौं । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) संगठन अन्तर्गतको सानो मुलुक माल्दिभ्समा राजनीतिक संकट चुलिएको छ । भारतले सार्कका छिमेकी देशहरुप्रति लिएको पेलाहा, मिचाहा दृष्टिकोणबाट पीडित माल्दिभ्स चीनसँग नजिकिन पुगेको थियो । माल्दिभ्स अहिले गहिरो राजनीतिक संकटमा गाँजिएको छ । गत बिहीबारबाट सुरु भएको राजनीतिक संकटका कारण थप तनाव उत्पन्न भएको छ । बाँकी ८ पेजमा

## खालिदा जियालाई जेल सजाय



काठमाडौं। विपक्षी पार्टी बीएनपीकी प्रमुख तथा बंगलादेशकी पूर्वप्रधानमन्त्री खालिदा जियालाई पाँच वर्षको जेल सजाय भएको छ। जिया अनाथालय न्यासमा भ्रष्टाचार मामलामा खालिदामाथि सन् २००८ मा मुद्दा दर्ता भएको थियो । फैसलापछि बंगलादेशमा सुरक्षा बढाइएको छ । खालिदामाथि दुई वर्षभन्दा बढी सजाय भएका कारण उनी आगामी चुनावमा भाग लिन पाउने छैनन् ।


# रचनात्मक प्रतिपक्षको भूमिकामा माले

काठमाडौं । सबै तहका निर्वाचनमा पराजय भोगेपछि नेकपा मालेको केन्द्रीय कमिटीको पूर्ण बैठकले पराजयका कारणहरु पहिल्याउँदै नयाँ शिराबाट अघि बढ्ने निर्णय लिएको थियो । उक्त बैठकको निर्णय कार्यान्वयन गर्न मालेले सर्वप्रथम सबै प्रदेशमा प्रदेश स्तरीय प्रशिक्षण सञ्चालन गर्ने र केन्द्रदेखि स्थानीय तहसम्मका पार्टीका संरचना मजबुत बनाएर संगठन विस्तारमा अघि बढ्ने भएको छ ।

माघ २१ र २२ गते प्रदेश नं. ३ को प्रशिक्षण कार्यक्रम पार्टी केन्द्रीय कार्यालयको सभाहलमा सम्पन्न भएको थियो । दशवटा विषयमा विभाजन गरी व्यवस्थित रुपमा सञ्चालन गरिएको प्रशिक्षण कार्यक्रममा महासचिव सीपी मैनाली, स्थायी समिति सदस्य कुमार वेल्वासे, पोलिट ब्युरो सदस्यहरु दिनानाथ घिमिरे, जनक चालिसे, सुरेन्द्र ढकाल, कृष्ण रानाले छुट्टाछुट्टै विषयमा प्रशिक्षण दिनुभएको थियो ।

महासचिव मैनालीले पार्टीको उन्नत कार्यपद्धति, नेपाली कम्युनिस्ट आन्दोलनको वर्तमान अवस्था, वर्तमान राष्ट्रिय, अन्तर्राष्ट्रिय स्थिति विषयमा प्रशिक्षण दिनुभएको थियो । मैनालीले पार्टीको संसद तथा सरकारमा कहीँ कतै उपस्थिति नभए तापनि रचनात्मक प्रतिपक्षको भूमिकामा नेकपा माले रहन्छ भन्नुभयो । पार्टी केन्द्रमा भएको संसदीय विभागले सरकारले गरेका राम्रा, नराम्रा कामको पहिचान गरी गलत







कार्य भएको खण्डमा त्यसका विरुद्ध सशक्त ढंगले आवाज उठाएर खबरदारी गर्ने र राज्यका सबै निकायमा भएका काम कारबाहीको निगरानी राखी महँगी, भ्रष्टाचार, अनियमितता राष्ट्रघात रोक्नेमा दृढतापूर्वक लाग्ने बताउनुभयो । उहाँले संघीय संरचनामा पार्टीका संरचनाहरु ढाल्दै प्रदेशमा पनि पार्टीको संसदीय विभाग गठन गरेर प्रदेश सरकारका गतिविधिमा निगरानी राख्ने र सबै स्थनीय तहमा संगठन विस्तार गरी स्थानीय तहहरुले सम्पादन गर्ने कामको समेत मिहीन ढंगले अनुगमन गर्ने तयारीमा पार्टी रहेको बताउनुभयो ।

नेकपा मालेले प्रगतिशील लोकतान्त्रिक कार्यक्रमलाई अघि बढाउँछ भन्दै महासचिव मैनालीले मार्क्सवाद, लेनिनवाद, माओत्सेतुङ विचारधारा र नेपाल चिन्तनको सैद्धान्तिक हतियार लिएर माले अघि बढ्ने बताउनुभयो । नेपालको अस्तित्व संकटमा रहेका बेला सबै राजनीतिक मुद्दा सकिए भनेर डंका पिट्ने बाबुरामहरुले भ्रम मात्र छरेको भन्दै राजनीतिक मुद्दा अझ पेचिलो बन्दै गएको बताउनुभयो । नेकपा माले उग्र वामपन्थी बाटोमा पनि नरहेको र कम्युनिस्ट नामधारी पुँजीवादी बाटोमा हिँड्नेहरुका हल्लाका पछाडि पनि नरहेकाले नेपालकृत मार्क्सवादको सिर्जनात्मक प्रयोगका पक्षमा रहेको बताउनुभयो । उहाँले नेपाल निर्माणमा प्राचीन इतिहासदेखि अहिलेसम्म योगदान पुऱ्याउनेहरुका सकारात्मक उपलब्धिहरुको उजागर गर्दै नयाँ जनवादी व्यवस्थाको रुपरेखा कोर्ने बाटोमा माले अघि बढ्ने भएकाले यसैको सेरोफेरोमा मार्क्सवादसँग जोडेर नेपाल चिन्तनको दर्शनलाई अघि बढाइएको र यसलाई थप परिमार्जन गर्दै लैजाने बताउनुभयो ।

महासचिव मैनालीले वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको निकै नै सारगर्भित मन्तव्य व्यक्त गर्दा प्रशिक्षार्थीले खचाखच भरिएको सभाहल शान्त बनेर उहाँका कुरालाई सुनिरहेको थियो । मैनालीले बाहिरी शक्तिको हस्तक्षेप र आन्तरिक शक्तिको कमजोरीका कारण देशमा अन्यौलता पैदा भएको बताउनुभयो । भारतले अहिले पनि नेपाललाई हेर्ने दृष्टिकोणमा ब्रिटिस भारतकालीन नीति अवलम्बन गरेको छ भन्दै उहाँले उसको नीति नेपाललाई गरिब, पछौटे र भारतआश्रित हुनुपर्छ भन्ने रहेको छ र ऊ सधैं नेपाललाई खेलाएर उसका उद्देश्य पूरा गर्न चाहन्छ भन्नुभयो ।

उहाँले मेची पुलको उदाहरण दिँदै आफू विद्यार्थी भएको समयदेखि नै बनाउँछु भनेको पुल अझै बनिसकेको छैनन भन्दै भारतले नेपालमा आयोजनाहरु कब्जा गर्ने र कहिल्यै नबनाउने गरेकाले ऊ हामीलाई सधैं गरिब र परनिर्भर देख्न चाहन्छ भन्नुभयो । हुलाकी राजमार्गमा गरेको ढिलाइ त्यसैगरी महाकालीको पानी २३ प्रतिशत मात्र नेपाललाई दिन भारतले गरेको षड्यन्त्रबारे पनि उहाँले स्पष्ट पार्नुभयो ।

महासचिव मैनालीले भारतसँगको परनिर्भरता घटाउन चीनसँगका सबै नाकाहरु (ओलाङचुङदेखि ताक्लाकोटसम्मका) खुल्न जरुरी रहेको बताउनुभयो । चीनसँगका नाका खुलेका खण्डमा नेपालको पहुँच अरबखाडीको समुद्रसम्म पुग्न पनि सहज हुने उहाँले बताउनुभयो । आफू उपप्रधानमन्त्री भएको समयमा केपी ओलीको पालामा चीनसँग पारवहन सम्झौता हुने बित्तिकै भारत अत्तालिएको र सबैभन्दा चिन्तित बन्न पुगेको मैनालीले बताउनुभयो । उहाँले चीनले नेपाललाई समृद्ध देख्न चाहेकाले नेपाली सीमासम्मको रेल मार्ग विस्तारमा तीव्रता दिइरहेको भन्दै चिनियाँ रेलको आगमनले पनि भारतीय परनिर्भरता कम गर्न सहयोग पुग्छ भन्नुभयो । बाँकी ८ पेजमा

## उत्तरकोरिया विश्वशान्तिप्रति प्रतिबद्ध





काठमाडौं । नेकपा माले तथा किम इल सुङ राष्ट्रिय प्रतिष्ठान नेपालको आयोजनामा उत्तर कोरियाका सवोच्च नेता स्व.किम जोङ इलको ७६ औं जन्मजयन्ती मनाइयो । उक्त अवसरमा नेपालका लागि उत्तर कोरियाका महामहिम राजदूतले अमेरिकाले विश्वभर नै साम्राज्यवादी आतंक मच्चाएको झन् त्यसमाथि कोरियाली प्रायद्विपमा युद्धसन्त्रास फैलाएको बताउनुभयो । दक्षिण कोरियामा भइरहेको हिउँदे ओलम्पिकमा उत्तरकोरियाले उच्चस्तरमा भाग लिएको बताउँदै उत्तरकोरिया विश्वशान्ति र सद्भावना वृद्धि गर्न लागिपरेको बताउनुभयो । उक्त अवसरमा कार्यक्रमका अध्यक्ष तथा नेकपा मालेका महासचिव सीपी मैनालीले पूर्वराष्ट्रपति किम जोङ इलले दुवै कोरियाको एकीकरणको कार्य अघि बढाउनुभएको तथा कोरियाली प्रायद्विपको आत्मसुरक्षाका लागि सोङगुन विचारधाराको प्रतिपादन तथा सफल कार्यान्वयन भएको बताउनुभयो । हालै दक्षिण कोरियामा सुरु भएको हिउँदे ओलम्पिकमा उत्तर कोरियाले भाग लिनुले उत्तरकोरिया विश्व र कोरियन प्रायद्विपमा शान्तिका लागि प्रतिबद्ध छ भन्ने बाँकी ८ पेजमा

## संघीयता असफल पार्ने षड्यन्त्रमा कर्मचारी संलग्न

काठमाडौं । लामो समयसम्म संक्रमणकाल झेलिरहेको मुलुकले नयाँ संविधानको कार्यान्वयन आरम्भ भएसँगै संक्रमणकालको अन्त्य भएर मुलुक नयाँ युगमा प्रवेश गर्ने अपेक्षा गरिएको थियो । संघीयता कार्यान्वयनका प्रमुख खुट्किलाका रुपमा रहेका सबै निर्वाचनहरु सम्पन्न भइसकेका छन् । माघ २४ मा भएको राष्ट्रियसभा निर्वाचनपछि नयाँ सरकार बन्ने मार्गसमेत प्रशस्त भइसकेको छ । मुलुकमा भएको राजनीतिक परिवर्तनलाई निजामती कर्मचारीबाट भएको असहयोगले संघीयता नै धरापमा पर्ने खतरा बढेको छ । संविधानले राष्ट्रसेवक कर्मचारीको दर्जा दिएको निजामती कर्मचारीले सेवा प्रवेश गर्दा नै निजामती ऐनमा उल्लेखित सेवा, शर्त पालना गर्ने र पालना नगरे कानुनी कारबाही भोग्न तयार रहने सपथ लिएका हुन्छन् । तर ऐन नियमावलीको मात्र होइन कर्मचारीले संविधानकै धज्जी उडाउँदा पनि कुनै कारबाही भएको छैन । बरु सरकार अटेरी कर्मचारीलाई अर्बौंको पुरस्कारबाट सम्मान गर्ने तयारीमा लागेको छ ।

खटाएको ठाउँमा कर्मचारी नजाँदा स्थानीय तहमा जनताका कामहरु पूरै प्रभावित भएका छन् भने विकास बजेट कार्यान्वयनमा बाधा उत्पन्न भएको छ । चालु आबमा मात्र २ खर्ब २५ अर्ब बजेट ७५३ वटा स्थानीय तहमा पठाइएको छ । उक्त बजेटमध्ये शिक्षकलाई तलब खुवाउनेबाहेक आबको ६ महिना बितिसक्दा पनि विकासका कार्य कर्मचारी अभावमा थालनीसम्म भएका छैनन् । सामान्य प्रशासन मन्त्रालय र संघीय मामला तथा स्थानीय विकास मन्त्रालयले असोज महिनामा नै १ हजार ६ सय जना कर्मचारी स्थानीय तहमा सरुवा गरेको विवरण सार्वजनिक गरेको थियो । सरुवा गरेकामध्ये हालसम्म ४३ जना उपसचिव र खरिदार, सुब्बा १५० जना मात्र कार्यक्षेत्रमा पुगेका छन् । अहिले ९० वटा स्थानीय तह कार्यकारी अधिकृतको अभावमा निमित्तको भरमा चलिरहेका छन् ।

पञ्चायतकालमा समेत एउटा गाउँ पञ्चायतमा एकजना सचिवले जिम्मेवारी सम्हालेको हुन्थ्यो । अहिले तिनै गाउँ पञ्चायत गाविस हुँदै वडामा परिणत भएका छन् । अहिले ३ हजारभन्दा बढी संख्यामा वडा सचिव अपुग भएका छन् । बाँकी ८ पेजमा

## राष्ट्रियसभामा एमाले वर्चस्व

काठमाडौं । राष्ट्रियसभा सदस्यका लागि गत बुधबार भएको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको निर्वाचन आयोगले जानकारी दिएको छ । आयोगका अनुसार प्रदेश नं. २ का सबै सदस्यहरु निर्विरोध निर्वाचित भएकाले बाँकी ६ वटा प्रदेशमा मात्र निर्वाचन सम्पन्न भएको थियो । निर्वाचनमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख, उपप्रमुख र प्रदेशसभाका सदस्यहरुले मतदान गरेका थिए । राष्ट्रियसभाको सम्पूर्ण निर्वाचन परिणाम प्राप्त भएपछि राष्ट्रपतिलाई बुझाइने र त्यसपछि प्रक्रिया पूरा गरेर प्रतिनिधिसभाको समानुपातिकतर्फको नतिजा आयोगले सार्वजनिक गर्नेछ ।

निर्वाचन आयोगका अनुसार राष्ट्रियसभामा १६ सय ६९ मतदाताले मतदान गरेका छन् भने ८ जना मतदानमा अनुपस्थित रहेका छन् । संविधानअनुसार एकल संक्रमणीय मतदान प्रणालीबमोजिम राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट ८ जना निर्वाचित हुन्छन् भने ३ जना राष्ट्रपतिले मनोनित गरेर ५९ सदस्यीय राष्ट्रिय सभाको गठन हुन्छ । निर्वाचित हुने ५६ सिटमध्ये यसअघि नै २४ जना निर्विरोध छानिएका छन् । ३२ सिटका लागि बुधबार भएको निर्वाचनमा एमालेको वर्चस्व देखिएको छ । बाँकी ८ पेजमा

## जनकपुरमा पार्टीहरूको पुत्ला दहन



काठमाडौं। सबै प्रदेशहरुको प्रदेशसभा बैठक निर्विवाद रुपमा सञ्चालन भएकोमा प्रदेश नं. २ का सांसद सदस्यहरुले हिन्दी भाषामा सम्बोधन गरेको विषय विवादमा परेको छ । यसै विषयलाई लिएर धनुषाको जनकपुरमा संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीको पुत्ला जलाइएको छ ।

स्थानीय युवाहरुले जनकपुरको जानकी चोकमा दुवै बाँकी ८ पेजमा

## दृश्य र अदृश्य रूपमा भारतीय हस्तक्षेप

■ युवराज गौतम

सन् १९५४ को मे ८ मा प्रकाशित एउटा पुस्तकमा भारतीय शासकहरुको नेपालप्रतिको धारणा स्पष्ट रुपमा उल्लेख भएको छ । नेपाली राजनीतिमा धेरै चासो लिने भारत, चीन, अमेरिका र वेलायत जस्ता मुलुकहरुले शुरुदेखि नै आ-आफ्नो स्वार्थकालागि नेपाली भूमिलाई प्रयोग गर्न खोजेको इतिहास देखिन्छ । भारतका पुराना पत्रकार गिरिधारीलाल जैनले आफ्नो एउटा पुस्तकमा चीन र भारत दुवैका लागि नेपाल रणनीतिक महत्वको देश भएकाले नेपालप्रति ती दुवै देशले स्वार्थपूर्ण दृष्टिकोण राख्ने गरेको विश्लेषण गरेका छन् ।

वि.सं. २००७ सालपछि नेपालमा बन्ने हरेक सरकार दिल्लीको स्वार्थमा निर्माण हुने परम्परा बसेपछि नेपाली राजनीतिमा दिल्लीको प्रभाव बढ्दै जानु स्वभाविकै थियो । चीनसँग कूटनीतिक सम्बन्ध स्थापना भएपनि नेपाली राजनीतिमा चीनले धेरै वर्षसम्म प्रत्यक्ष र अप्रत्यक्ष रुपमा त्यति धेरै चासो राखेको पाइदैन । सन् १९४९ मा कम्युनिष्ट पार्टीको नेतृत्व गर्दै चीनमा माओत्सेतुङले एक दलीय शासन शुरु गरेपनि नेपालको राजतन्त्रप्रति उनले दुराग्रह राखेनन् ।

इतिहासका पानाहरुमा राष्ट्रघातीहरुमार्फत वैदेशिक हस्तक्षेप चर्काउने गरिएका थुप्रै उदाहरणहरु पाइन्छन् । राष्ट्रघातका पर्याय मानिने नर्वेका नेता भिटकुन क्वीजलिङजस्ता नेताहरुले विदेशी शक्तिहरुलाई सजिलो बनाउने काम गरेका छन् । सन् १८८७ मा जन्मिएर १९४५ मा निधन भएका क्वीजलिङ त्यहाँका सेनाका उच्चपदस्थ अधिकारी र रक्षामन्त्री समेत भए । उनी त्यहाँको राजनीतिमा प्रभाव फैल्याउँदै जाँदा प्रधानमन्त्री समेत बन्न पुगे । प्रधानमन्त्री पदलाई उनले 'मिनिस्टर प्रेसिडेन्ट' भन्ने नामाकरण गरेका थिए । राष्ट्रिय एकता (नेशनल युनिटी) नामको पार्टी खोलेर उनले राष्ट्रवादी भएको नाटक पनि गरे । तर जब जर्मनीले नर्वेमा हमला गरेर त्यहाँको राष्ट्रियता र राजतन्त्रमाथि हस्तक्षेप शुरु गऱ्यो, त्यसबेला जर्मनीतिर लागेर क्वीजलिङले नर्वेको राजसंस्था र जनता दुबैलाई धोका दिए ।

'गद्दार -ए-हिन्द' भनेर कुख्यात बनेका मीरमहमद जाफर (मीर जाफर)-ले बंगालका नवाव सिराज उद्दौलालाई धोका दिएर सन् १७५७ मा प्लासीको युद्धमा राष्ट्रघात गरे । अंग्रेज कमाण्डर रोवर्ट ओलिभसँग मिलेर उनले आफ्नै मुलुक र राष्ट्राध्यक्षलाई धोका दिएको कुरा इतिहासमा वर्णन गरिएको छ । आज पनि मीर जाफरलाई इतिहासकारले कुख्यात राष्ट्रघातीका रुपमा चित्रण गर्दछन् । राष्ट्रका महत्वपूर्ण पदमा बसेर देश र जनतालाई धोका दिने व्यक्तिहरुका कारण जहिलेपनि राष्ट्रियता कमजोर बन्ने गरेको पाइएको छ । सुगौली सन्धिदेखि हालसम्मका प्रत्येक घटनाक्रममा नेपालका अधिकांश नेताहरुले राष्ट्रघात गरेको स्पष्ट देखिएको छ । गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले सुगौली सन्धिमा राष्ट्रघात गरेर नेपाल र नेपालीको हितविरुद्ध काम गरे भने इतिहासका विभिन्न कालखण्डमा थरीथरीका अनुहार भएका राष्ट्रघातीहरु जन्मिएका छन् । सन् १९४५ पछि कलकत्तामा खुलेको नेपाल कम्युनिष्ट पार्टी र नेपाली कांग्रेस दुबैले स्पष्ट रुपमा राष्ट्रियतालाई शिरोधार्य गर्न सकेनन् । नेपाली राजनीतिमा प्रवल राष्ट्रवादी र इमानदार नेताको अभाव जहिले पनि खट्किइरह्यो ।

नेपालको राज्यसत्ता, कर्मचारी प्रशासन र सीमा व्यवस्थापन बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# यही हो चोरको खुट्टा काट् भन्दा आफ्नो खुट्टा झिकेको

**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**



नेपालीमा एउटा उखान छ, चोरको खुट्टा काट् भन्दा खास चोरले आफ्नो खुट्टा काटिएला भनेर खुट्टाचाहिँ झिकिहाल्छ रे । नेपालमा राजनीतिक तह, राष्ट्रका तीनै अंग कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, सरकारको हात खुट्टा मानिएका निजामती, सैनिक, प्रहरी जतासुकै भ्रष्टाचारमय छ । यही कारणले होला ट्रान्सपरेन्सी इन्टरनेसनलले हरेक वर्ष निकाल्ने विश्व प्रतिवेदनमा नेपाललाई संसारकै दशमध्ये एक भ्रष्ट राष्ट्रमा राख्ने गर्दछ ।

यहाँ कसैले पनि आफ्नो सम्पत्तिको स्रोत देखाउन पर्दैन । लाभको पदमा पुगेपछि त हरेकलाई जनसेवा होइन भ्रष्टाचार गर्ने लाइसेन्स प्राप्त हुन्छ अनि त्यसैको आधारमा उनीहरुले काठमाडौंमा जग्गा, विलासी महल, पजेरो गाढी, ब्यांक बेलेन्स, छोराछोरीलाई विदेशमा अध्ययन, स्वदेशमा नै भए महँगो मोटरबाइक, स्कुटी आदिको जोह गर्न भ्याउँछन् ।

नेपालमा भ्रष्टाचार संस्थागत गर्ने कार्य २०३६ सालको जनमतसंग्रहमा जसरी भए पनि पंचायतलाई जिताउनुपर्दछ भन्दै जनतालाई आमरुपमा वन फँडानी गर्न दिएपछि सुरु भएको थियो । पंचायत सकिएपछि बहुदलका मन्त्री नेताहरुलाई चुनाव खर्च निकाल्न पनि भ्रष्टाचार नगरी नहुने भयो । यसैकारण पञ्चायतकालमा भन्दा बहुदल कालमा भ्रष्टाचार झनै संस्थागत हुन पुग्यो । त्यो बहुदलको विरोध गर्दै माओवादीहरुले ५० को दशकबाट जनयुद्ध सुरु गरे । त्यसलाई सफल बनाउन उनीहरुलाई पनि पैसाको आवश्यकता पर्ने नै भयो । त्यसको जोह उनीहरुले सशस्त्र तरिकबाट बैंक लुटेर गरे । यसरी लुटेको सम्पतिलाई शान्ति सम्झौता आएपछि विदेश पठाइ कोही व्यक्तिको नाममा फेरि विदेशबाट स्वदेशलाई सेतो धनमा परिणत गर्ने प्रयास भयो । त्यहीकारण सुमार्गी प्रकरण सतहमा आई जनसाधारणले थाहा पाए । प्रधानमन्त्री, मन्त्री, सांसदलगायत सबै अंगमा रही काम गर्नेहरुको तलबले उनीहरुको परिवार चल्न गाहारो छ । तर तिनै पदमा वहाल भएकाहरुले केही समयको अन्तरालमै पैसा कमाएर माथि भनिएका सबै सुविधाहरुको जोह गर्नसक्छन भने त्यहाँ भ्रष्टाचार र कमिसनको खेल छ भनेर जोकोहीले पनि जान्ने कुरा हो । नेपालमा भ्रष्टाचारले कति सामाजिक मान्यता प्राप्त गरेको छ भन्ने कुरा हालै सम्पन्न स्थानीयस्तर, प्रदेशस्तर र राष्ट्रिय स्तरको संसदको चुनावले देखाइ सक्यो । यिनीहरुले चुनाव ताका खर्च गरेको अरवौ रुपैयाको स्रोत खोज्ने हो भने यिनीहरुलाई भ्रष्टाचारी ठहर गर्दे चीनमा जसरी झुण्डाउन मिल्छ । तर खै कसले गर्ने यो काम जब यहाँ भ्रष्टाचार रोक्ने अधिकार पाएको अख्तियारको प्रमुख आफैं नै भ्रष्ट प्रमाणित हुन्छ भने ? चुनावमा जसरी भ्रष्टाचारले कमाएको पैसा लगानी भएको छ त्यस्को कारण केन्द्र र जिल्ला तहमा सीमित भ्रष्टाचार अब वडासम्म नै पुग्ने भएपछि के होला देशको हालत ? कसरी पाउलान् घूस खुवाउन नसक्ने सर्वसाधारण जनताले राज्यबाट सर्वसुलभ सेवा ? हुन त पैसामा मत बेची भ्रष्टहरुलाई चुनाव जिताइ पठाउने उनीहरु नै भएपछि सास्ती त खानै पऱ्यो नि कसो ? जनता भ्रष्ट, मतदाता भ्रष्ट, उम्मेदवार भ्रष्ट, चुनाव जित्ने सबै भ्रष्ट भएकै कारणले होला भावी प्रधानमन्त्री ठानिएका ओलीले एकपटकलाई सबै कालो धनलाई सेतो बनाउने अवसर दिनुपर्दछ भनेर सार्वजनिक रुपमा घोषणा गरेको । यस्तै मौका तत्कालिन माओवादी बाबुराम प्रधानमन्त्री भएको बेलामा भ्रष्टाचारीले पाएका थिए । भ्रष्टचारीले भ्रष्टाचार गरी कालो धन थुपार्दै जाने अनि बेलाबखत त्यस्ता भ्रष्टाचारीको कालोधनलाई सेतो धन बनाइने कार्यबाटै नेपालबाट भ्रष्टाचार उन्मूलन गर्ने भनेर नै होला सबै राजनीतिक दलहरुले चुनावताका आफूले जारी गरेको घोषणापत्रमा भ्रष्टाचार उन्मूलन गर्ने प्रतिबद्धता जाहेर गरेको ।

**नेपालमा भ्रष्टाचारले कति सामाजिक मान्यता प्राप्त गरेको छ भन्ने कुरा हालै सम्पन्न चुनावले देखाइ सक्यो । चुनाव ताका खर्च गरेको अरबौं रूपैयाको स्रोत खोज्ने हो भने यिनीहरूलाई भ्रष्टाचारी ठहर गर्दे चीनमा जसरी झुण्डाउन मिल्छ ।**

ओलीले जुन कालो धनलाई सेतो धन बनाउन छुट दिने घोषणा गर्ने संकेत गरे, त्यसले चोरको खुट्टा काट् भन्दा आफ्नो खुट्टा तानेको प्रमाणित भएन र ? केही वर्षअगाडि इराकमा नेपाली १० जनाको हत्या हुँदा जसरी म्यानपावर कम्पनीहरुलाई नेपाली जनताले ध्वस्त गरेका थिए त्यसै गरी अब नेपालबाट भ्रष्टाचार उन्मूलन गर्ने हो भने आजसम्म देशलाई शासन गर्ने सबै पार्टीको हेडक्वाटर ध्वस्त गर्दै २०१७ सालपछि बनेका सबै प्रधानमन्त्री तथा मन्त्रीहरुको सम्पति छानबिन गर्नुपर्दछ अन्यथा हामी भ्रष्टहरु हौं । हामीलाई पटक पटक चोखिने अवसर दिनुपर्दछ भनेर चोख्याउँदै जाने हो भने देश नै भ्रष्टाचारको आहाल परी असफल राष्ट्र नबन्ला भन्न सकिन्न ।

## सम्पादकीय

# स्वराज भ्रमणको वास्तविकता

गत हप्ता भारतीय विदेशमन्त्री सुष्मा स्वराजको नेपाल भ्रमणले राजनीतिक वृत्तमा ठूलै खैलाबैला मच्चायो । स्वराजले गरेको बिना एजेन्डाको आकस्मिक नेपाल भ्रमणका सन्दर्भलाई लिएर विभिन्न मिडियाहरूमा क्रिया, प्रतिक्रिया व्यक्त गर्ने क्रम जारी नै छन् । नेपालमा वाम गठबन्धन नेतृत्वको सरकार बनाउने तयारी भइरहेको अवस्थामा स्वराजले गरेको भ्रमणप्रति वाम गठबन्धनकै साझेदार माओवादी बेखुसी देखिएको छ । स्वराजको भ्रमण टार्ने प्रयासमा माओवादी नेताहरू लागिरहेको चर्चा समेत चलेको थियो । स्वराजले केपी ओलीपछि मधेसी नेताहरूसँग भेट्नु र माओवादीसँग पछि मात्र भेट गर्नुलाई अर्थपूर्ण रूपमा हेरिएको छ । एमाले माओवादीबीच भइरहेको एकीकरणको ढिलासुस्ती र एकले अर्कोलाई गलाउने प्रयास चलिरहेको बेला एमाले नेता केपी ओलीलाई भारतले अति प्राथमिकता दिएको र माओवादीलाई ओझेलमा पार्न खोजेको प्रति माओवादी वृत्तमा आशंकाको बादल मडारिन थालेका छन् । कतै एकीकरण तुहिने र एमाले मधेसवादीबीच नयाँ गठबन्धन बन्ने हो कि भन्ने त्रास पनि माओवादीमा व्याप्त भएको छ ।

नेपालको केन्द्रीय राजनीतिमा मधेसवादी दलको भूमिका कमजोर हुने विश्लेषण गर्दै भारतले जसरी पनि मधेसवादीको प्रतिनिधित्व सत्तामा गराउन खोजेको छ । एमाले माओवादी गठबन्धनको सरकार बनेमा मधेसी दलहरूको आवश्यकता बोध हुँदैन । दुईतिहाईको सत्ता साझेदारी बढाउँदा मात्र मधेसीको खाँचो पर्छ । त्यसैले स्वराज भ्रमणको उद्देश्य सकेसम्म वाम गठबन्धन ब्रेक गराउनु नै हो । पछिल्लो चरणमा सम्बन्ध बिग्रिएका ओलीलाई राम्ररी च्यापेपछि सम्बन्ध पनि सुधार हुने र मधेसीले पनि राम्रो भूमिका पाउने विश्लेषण भारतको छ । त्यसैगरी वाम गठबन्धन भत्काउन सकेर माओवादीलाई प्रतिपक्षमा पुऱ्याउन सकेको खण्डमा भविष्यमा फेरि कांग्रेस, माओवादी र मधेसी गठबन्धनको सरकार बन्ने ढोका खुल्लै रहने भएकाले भारतको नेपाली राजनीतिमा अस्थिरता पैदा गराउने मकसद पूरा हुनेछ ।

भारतीय विदेश मन्त्रालयले तथा स्वयं सुष्मा स्वराजले जतिसुकै भ्रमणलाई मात्र गुडविल भ्रमण भने तापनि उनीहरूको मूल उद्देश्य नै मधेसवादी दलहरूको समर्थन र सहयोगमा एमाले अध्यक्ष ओलीलाई प्रधानमन्त्री बनाएर वाम गठबन्धन भत्काई माओवादीलाई सरकारमा जाने बाटो बन्द गराउनु नै हो । मधेसवादीसँग सत्ता साझेदार भएपछि उक्त सरकार स्वतः भारतप्रति बफादार हुने निश्चित छ । बफादारितामा तलमाथि हुनेबित्तिकै अर्को सरकारको विकल्प तयार रहने हुनाले ओलीलाई भारततर्फ फर्कनुपर्ने बाध्यता हुन्छ ।

नेपालमा भारतले लगाएको नाकाबन्दीपछि केपी ओलीले राष्ट्रियताको नाममा भारतसँग नझुक्ने अडान राखे । यही अडानका कारण चीनले ओलीलाई निकै ठूलो प्राथमिकता दियो र ओली सरकारसँग व्यापार पारवहन सम्झौता गऱ्यो । ओली निर्वाचनबाट जनताको समर्थन पाएर थप शक्तिशाली भएपछि भारत चिन्तित बन्न पुग्यो । अहिले भारतको चाहना जसरी भए पनि केपीको राष्ट्रवादको भूत उतारेर उनलाई नक्कली राष्ट्रवादी प्रमाणित गराएरै छोड्ने रहेको छ । त्यसको लागि पनि जुनसुकै हालतमा वाम एकता र वाम गठबन्धन सरकार रोक्न चाहन्छ । स्वराजको आगमनपछि वाम एकतामा निकै ठूलो तुषारापात हुने सम्भावना बढिरहेको छ । निर्वाचनअघि नै एकताको हल्ला पिटाएर भोट बटुल्ने वाम गठबन्धनले भारतको लहैलहैमा लागेर जनतालाई धोका दिने सम्भावना रहेको छ । एउटै कम्युनिस्ट पार्टी निर्माण गर्ने नाममा भोट बटुलेर जनतालाई झुक्याउने काम गरेमा यिनीहरू कहाँबाट सञ्चालित र परिचालित छन् भन्ने कुरा थप प्रमाणित हुनेछ ।

# एकत्व



**जगदीश लामिछाने**
रौतहट, पौराई

एकत्वलाई एकतन्त्री हो कि भनी मान्छेहरु व्यर्थै डराउँछन् । एक शब्द समन्वय मात्र हो किनभने संसारमा एक कहिल्यै भएन न हुने नै छ । वास्तवमा सम्पूर्णको हितको कल्पना एक हो । यसैले 'एको देवो केशवो वा शिवो वा' भनिएको हो । पछिबाट बुद्ध दर्शनलाई पनि त्यहीं समावेश गरी आर्यत्व स्वीकार गरिएको हो । धर्मलाई पूजापाठमा मात्र सीमित मानी त्यागको रुपमा र समर्पणको रुपमा नेताहरुले स्वीकार नगर्दा अफिम सम्झेर विश्वमा अन्ध परम्परामा लागिरहँदा दुःख पाएका हुन् । लडाइँ झगडा भइरहेको हो । कुनै दिन बुद्धजस्तै केशव र शिव पनि मान्छे भएरै धेरै जनहित र प्राणी हितका काम गरेका हुँदा हुन् भन्ने सम्झनु नै पर्याप्त हुनेछ । यसैले हाम्रा नेताहरुले जनहितमा लाग्नुभन्दा बुद्धि विलासमा लागि आफ्नै हानि गरेका छन् । नेताहरु नै सत्तामा पुग्छन् । उनीहरुले गर्ने काम अरुले गर्नै पाउँदैन । यसैले नेताहरुलाई नै जनहितका काम गराउन सर्वसाधारण बाध्य भएका हुन् । सत्ताले नै पक्षपात गरिदियो भने अरु हेरेका हेऱ्यै हुन्छन् । सत्ताले नैतिक, धार्मिक र सामाजिक हुनैपर्छ । साहसिक पहलमान छु भनेर सत्ता बस्ने होइन ।

सत्ताले पीडितदेखि पीडा दिनेसम्म सबै समेट्न सकेमा मर्काहरु आफैं समाधान हुँदै जान्छन् । यस्तो नभई दिँदा युगयुगमा हामीले दुःख पाएका छौं । सत्ताको हालिमुहाली लिनेबाटै बहादुर शाहले जेलमै मर्नुपऱ्यो । रणबहादुर शाहलाई विदेश पुगेपछि भीमसेन थापासहित विकृत पारियो । त्यो विकृत पार्ने अरु कोही नभएर कुटिल ब्रिटिस सत्ता नै थियो । त्यही ब्रिटिश सत्ताले नै नेपाली टिस्टा काँगडाबाट अहिले अर्को सत्ता नयाँ अंग्रेज म हुँ भन्दै भारतीय परराष्ट्रमन्त्री सुष्मा स्वराज नेपाल आएर फर्केपछि कहिले बकुल्ला कहिले कोइली हुने माओवादीका स्वरहरु फेरिएका छन् । वास्तवमा माओवादी साथै लिएर मात्र केपी ओली मात्रले केही गर्न सक्ने होइनन् । त्यहाँ प्रजातान्त्रिक शक्ति साथ भएन भने उनी निष्प्राण अर्थात् गरेको काम नदेखिने अवस्थामा पर्न बेर छैन । विद्वत् वर्गबाट पनि सहायता पाउने छैनन् ।

पहिले माधव नेपाल, बाबुराम, वामदेवसहितका पुष्पकमलको दृष्टिमा शक्तिशाली तीन शक्ति मानिन्थ्यो । तीन शक्तिमा नेपाली सेनासहितका श्री ५ र (श्री ३ पनि) थिए । के के न गरैं भनी २००७ पछि धाक लगाउने नेपाली कांग्रेस श्री ५ महेन्द्रका पालामा मात्र होइन अहिले पनि विदेशप्रेमी धेरै भइदिँदा दुःख भएको छ । ४ वामभन्दा म ठूलो हुँ भन्नेहरु पन्छाइ विकासकर्ता भएर भूमिसुधार ऋणमोचनकर्ता र प्रख्यात मात्र भएनन् महेन्द्र । कुनै जुक्तिद्वारा विदेशी सेना पन्छाइदिएर विश्वभरको संगठनमा नेपाल अगाडि प्रष्ट पारी गए । त्यसपछि पार्टीहरुले नगरेको त होइन देशका कृषि सडकहरु समेटेर मध्यपश्चिम राजमार्ग पनि तयार त हुँदै गएको छ । त्यसैबखत मूल रुपको भूल उदारीकरणले पूर्वाधार कृषि विकास तथा औद्योगीकरणहरुलाई पाखा लगाउँदा निजीकरणमा व्यक्ति मात्र धनी हुने रोग फैलिएर देशको बेरोजगारी बढ्दै गयो । पछि निर्यातभन्दा आयात ज्यादै बढेर मान्छे सोख सयलमा डुब्न लाग्दा माओवादी प्रशिक्षण नै विदेशमा भई प्रजातन्त्रबाटै माओवादीको ब्रतवन्ध भयो । २०५२ को जन्म भयो, श्री ५ को तख्ता त पूर्वराजा ज्ञानेन्द्रकै स्वेच्छाले नै पल्टियो । नेपाली सेना भने जस्ताको तस्तै मात्र होइन अझै सशस्त्र प्रहरी समेत थपिएर बलियो भएको छ । गुप्तचरीमा र दलहरुले आफ्ना लठैत शिक्षा क्षेत्रमा समेत फैलाए पनि श्री ५ वीरेन्द्रका अल्पज्ञानले नयाँ शिक्षामा होस नगरेरै नेपाली भाषासहित राष्ट्रिय भाषाहरुका साथै आधार भाषा संस्कृत पाखा लागेको मान्नमा बाधा छैन । अब होस गरौं ।

अहिले नेपालमा पहिलेभन्दा धेरै चेतना पलाइसकेको छ । शिक्षामा मातृभाषा पन्छाउँदा उन्नति हुँदै हुँदैन भनी धेरैले भन्न लागेका छन् । राष्ट्रभाषा नेपाली पन्छाउने र माउ भाषा संस्कृत पन्छाउने नै पछुताउमा परेका छन् । राष्ट्रिय चेतनामा उत्तर अथवा दक्षिणमाथि पराश्रित हुन धेरै विद्वानले छोडिसकेका छन् । आफ्नै मौलिकता विद्वतवर्गले फेला पारिसकेका छन् ।

प्रजातन्त्रवादीहरुकै बहुमतमा विद्वत वर्ग गएकै छ । अहिले २०५२ को हातभन्दा माथिल्लो हात समन्वयवादीकै परेको छ । जित्तलहरु नै अघि सरेर वामपन्थीहरुले सत्ता हडपे पनि केही दुःख त बढ्ला समन्वयवादीहरु पुनः उठ्ने नै देखिन्छ । किनभने भारतभरका टिस्टा काँगडाप्रेमीहरुले आफूले खाएको हण्डर प्रबुद्ध समूहमार्फत देखिसकेका छन् । एकीकरण मोह पलाइसकेको छ । विदेशी हस्तक्षेप चाहे दक्षिण चाहे उत्तर कतैबाट हुन दिइने छैन । २०१५ का ४ वामपन्थीभन्दा अहिले नेपालपन्थी जागरुक भइदिए मात्र समन्वयमै देश अघि बढ्छ । विद्रोह नभए पनि नेपाल अघि बढ्छ बढ्छ ।

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

सुदर्शन प्रधान

# वागीश्वरी संरक्षण सङ्घर्ष : संक्षिप्त सिंहावलोकन (४)

भदौ महिनाको अन्ततिर सङ्घर्ष समितिले भवन निर्माण स्थलमा धर्ना दिने कार्यक्रम सुरू गऱ्यो । अविरल वर्षाका कारण त्यस बेला धर्ना कार्यक्रममा सहभागी सङ्घर्ष कर्ताहरूलाई विभिन्न समस्याहरू आए । पछिल्ला दिन शान्तिपूर्ण रूपले धर्ना दिइरहेका दुई जना धर्नाकारीहरूलाई सशस्त्र प्रहरीहरूले गिरफ्तार गरी लगे । त्यसपछि मेडिकल कलेजका निर्माण भइरहेका घरहरू बल प्रयोग गरी भत्काइदिने कुराहरू पनि आए । यसै बेला सङ्घर्ष समितिका केही व्यक्तिहरू आतङ्कित भएर काठमाडौं र पोखरातिर भागे । सामान्य घटनाहरूलाई पनि दमन गर्न गोली चलाउने गिरिजा सरकारले वागीश्वरी मामिलामा सङ्घर्ष कर्ताहरूलाई गोली नचलाउला भन्न सकिन्नथ्यो । तसर्थ सङ्घर्षलाई शान्तिपूर्ण रूपले सञ्चालन गर्न समितिले ध्यान पुऱ्यायो ।

२५ जनाको सङ्घर्ष समितिमा १२ जनाभन्दा धेरै सदस्यहरू निस्क्रिय थिए । उनीहरू समितिको बैठकमा पनि उपस्थित हुन्नथे । वास्तवमा यो समिति गठन गर्दा नै आवश्यक दृष्टि नपुगेको प्रस्ट थियो । समितिका संयोजक योगी नरहरिनाथ समिति गठन भएको अर्को दिन भदौ १८ गते नै विशेष काम छ भनी सुम्पिएर काठमाडौंतिर हिंड्नुभयो । भदौ १७ गते निर्माण भएको समितिले १८ गते वागीश्वरीमै बैठक बसी सङ्घर्षको विस्तृत योजना तयार गर्ने कार्यक्रम थियो तर सुरूमै संयोजक अनुपस्थित रहेको यो बैठक अलि निराशापूर्ण भयो । तथापि बैठकमा उपस्थित सुदर्शन प्रधान, चूडामणि ओली, इन्द्रबहादुर बोहरा, हीरादेवी खड्का, रविमान श्रेष्ठ, सुरेन्द्र वाग्लेहरूले २० र २१ गते रिले अनशन तय गरे ।

बाह्य र आन्तरिक सङ्कटबारे संवेदनशील हुँदै सङ्घर्ष अगाडि बढाउन एक सबल र जीवन्त नेतृत्वको खाँचो पऱ्यो । तसर्थ असोज ५ गते नारायणगढ बुद्धपार्कमा बसेको समितिको बैठकले सुदर्शन प्रधानलाई समितिको उपसंयोजकमा मनोनित गऱ्यो । यसै बैठकले देवघाट-वागीश्वरीको मुद्दा जनअदालतसमक्ष पुऱ्याउन पर्चा प्रकाशन गरी व्यापक प्रचार गर्ने, असोज १७ देखि आँपटारी चौतारा (वागीश्वरीनजिकको चौबाटो) मा सङ्घर्ष समितिका चार जना सदस्यहरू आमरण अनशन बस्ने निर्णय भयो ।

असोज ६ देखि १६ सम्म समितिले पूर्वी चितवन, पश्चिम चितवन, दक्षिण चितवन, भनपा क्षेत्र, देवघाट क्षेत्र, नवलपुर क्षेत्रहरूमा देवघाट-वागीश्वरीको मुद्दा पर्चाद्वारा जनअदालतमा र अन्य आवश्यक कुराहरूको प्रचारप्रसार गऱ्यो । यस कार्यक्रममा सङ्घर्ष समितिलाई फणीन्द्र न्यौपाने, डी.आर. पोखरेल, फणीनारायण पौडेलहरूले सहयोग पुऱ्याउनुभएको थियो ।

असोज १७ गते बिहान ७ बजे आँपटारी चौबाटोको दुईतिर 'महान् पर्यावरणीय तथा पवित्र धार्मिक स्थल वागीश्वरीमा मेडिकल कलेजको बलत्कारविरूद्ध आमरण अनशन' को ब्यानर टाँगियो । सङ्घर्ष समितिका चार जना (सुदर्शन प्रधान, चूडामणि ओली, इन्द्रबहादुर बोहरा र हीरादेवी खड्का) आमरण अनशन स्थलमा आउँदा चेतनाथ अधिकारी, पद्मकान्त सिलवाल, घनश्याम चापागाईं र मोहन पौडेल पनि आमरण अनशनमा बस्न तयार भएपछि अब आमरण अनशनमा कोको बस्ने ? भन्ने विवाद उठ्यो । चेतनाथ, पद्मकान्त र घनश्यामहरूको तर्क थियो– आफूहरू वृद्ध भएको र बाहिरको दौडधुप तथा अन्य व्यवस्थापन कार्य गर्न नसक्ने अनि सङ्घर्ष समितिका मूल व्यक्तिहरू सबै आमरण अनशनमा बस्ने हो भने अरू काम कसले समाल्ने ? तसर्थ आमरण अनशनका लागि सबभन्दा योग्य आफू नै भएको उहाँहरूको दाबी रह्यो ।

त्यसै बखत बिहान १० बजेतिर योगी नरहरिनाथ आइपुग्नुभयो र उहाँ पनि आमरण अनशन बस्न तयार हुनुभयो तर उहाँले पहिला आफ्नो विचार यसरी व्यक्त गर्नुभएको थियो, "म त भोकै-प्यासै बसेर, ज्यान गलाएर-सुकाएर हत्ते देखाउने गान्धीको सिद्धान्त मान्दिनँ । बरू टन्न खाएर ज्यान बलियो बनाएर अन्याय गर्नेहरूलाई....." (मुड्की उठाउँदै) "....खत्तम गर्ने, तोडफोड गर्ने कुरा मान्छु ।"

योगीको कुरा सुनेर त्यहाँ सबै हाँसे तर योगीले भन्दै जानुभयो, "आफूले मात्र भनेर भएन, अरू साथीहरू आमरण अनशन बस्ने भन्नुहुन्छ भने मैले पनि यो कुरा मान्नुपर्छ ।"

"गुरूको कुरा ठीकै हो । अहिलेलाई आमरण अनशन नै बसौं, पछि आवश्यक परे गुरूले भन्नुभएझैं पनि गरौंला ।" सुदर्शनको भनाइ थियो । "हैन, गुरू कहाँ अनशन बस्ने ?" चेतनाथ अधिकारीले कडा तर बफादार शब्दमा भन्यो, "हामी हुँदाहुँदै गुरूजी बस्न मिल्दैन । मर्नै परे हामी मर्छौं । गुरूजीले त थुप्रै कामहरू गर्नुपर्नेछ ।"

त्यसपछि आमरण अनशनमा योगी नरहरिनाथ पनि नबस्ने कुरा भयो । अर्को दिन बिहान भनपा ११ का ६३ वर्षीय दलबहादुर बोहरा पनि आमरण अनशनमा बस्न तयार हुनुभयो । उहाँका लागि १७ वर्षीय मोहन पौडेलले ठाउँ छोड्नुभयो । सीमित ठाउँका कारण अनशन स्थल ४ जनालाई मात्र ठीक हुने भएकाले पनि यसो गरिएको थियो । मोहन पौडेल वागीश्वरी संरक्षणका लागि सुरूदेखि नै सङ्घर्षमा भाग लिँदै आएका सामाजिक चिन्तन राख्ने र व्यवहारमा क्रियाशील आदर्श युवक हुन् ।

(क्रमशः)

# मैले देखेको एकतीसौं विश्व सम्पदा : म्युनिकको मेरियन डोम


सुरेन्द्र ढकाल

पश्चिम बर्लिनको जर्मन भाषा सिक्ने काम सकेर प्रशासनिक विज्ञानको स्नातकोत्तर अध्ययन गर्नका लागि राइन नदीको किनारमा रहेको जर्मनीको पश्चिम दक्षिणतिर झण्डै फ्रान्सको सीमा रहेको पुरानो सहर स्पायर आएको र विश्व सम्पदा सूचीमा रहेको त्यहाँको काइजर डोम अवलोकन गरेको कुरा यसअघि बताइसकेँ । स्पायर आएपछि हाम्रो विश्वविद्यालयले स्पायरका नागरिक र त्यहाँ पढ्न आउने विदेशी विद्यार्थीहरुबीच चिना परिचय मित्रता होस भनेर विश्वविद्यालयकै हलमा एक भेटघाट साँझको आयोजना गरेको थियो। त्यस साँझमा विदेशी विद्यार्थीहरुले आफ्नो प्रतिभा तथा आफ्नो देशको नृत्य अथवा गीत प्रस्तुत गरेका थिए । त्यस साँझमा स्पायर सहरवासी ४५ परिवार सहभागी भएका थिए । त्यस साँझमा मैले देउराली उकाली चढेर तथा चिसो चिसो हावामा भन्ने दुई नेपाली गीत गितारसहित गाएको थिएँ । गान बजान सकिएपछि स्पायरका तीन परिवारहरुले मप्रति चाख देखाए जस्मा स्वार्च्ज परिवार, क्लेमस्टाइन परिवार तथा होफमान परिवार थिए । त्यो साँझपश्चात यी परिवारहरुले मलाई उनीहरुको घरमा खाना बोलाउने, घुमाउन लैजाने अनि उनीहरुको चाडबाडमा सहभागी गराउने गर्दथे । यी तीनै परिवार नेपाल भनेपछि हुरुक्कै हुने रहेछन् । यसमध्ये स्वार्च्ज परिवारले त मलाई केही समयपछि छोरा नै बनाएको कारण एक किसिमले म उनीहरुको परिवारकै सदस्य भइसकेको थिएँ र उनीहरुले पनि कालान्तरमा नेपाल आई नेपाली हिमाली क्षेत्रमा ट्रेकिङ गर्ने योजना बनाइसकेका थिए । घनिष्टता बढ्दै जाँदा मैले मेरा जर्मन आमा बाबु भाल्टर र एडिटलाई आफ्नी आमालाई जर्मनी देखाउने ठूलो इच्छा रहेको बताएँ । उनीहरुले पनि तेरो आमालाई लेराउ भनेपछि मैलै आमा रमा मात्रै नभै आमाकी साख्य बहिनी सानीमा रुमनलाई पनि जर्मनी लगेर उनीहरुको घरमा चार हप्तासम्म राखेँ । सन् १९८९ सम्म जर्मनी जाने नेपालीहरुले एकातर्फ भिसा लिन पर्दैनथ्यो भने अर्कोतर्फ नेपाली ध्वजावाहक तत्कालिन शाही नेपाल वायुसेवा निगमले आठ घण्टाको उडानमा काठमाडौंबाट फ्रान्कफर्ट पुऱ्याउने कारणले गर्दा पनि मैलै आमा र सानीमालाई जर्मनी लग्न सहज भएको थिएँ । मेरा जर्मन बाबुआमाको स्पायर अतिरिक्त म्युनिखमा पनि आफ्नै घर भएको हुँदा उनीहरुले मसहित हामी तीनै जनालाई आफ्नो भ्यानमा राखेर म्युनिक लगे । त्यहाँ हामी तीन दिन बस्यौँ र त्यही क्रममा त्यहाँको विश्वविख्यात क्याथेड्रल मेरियन डोम र सहरको केन्द्र कार्ल्स प्लाज्ज अवलोकन गऱ्यौं ।

**मेरियन डोम**

यस डोमलाई स्थानीय जर्मन जनताले फ्राउन किर्ख भन्छन् । यो डोम जर्मनीको वायर्न प्रदेशको राजधानी म्युनिक सहरको केन्द्रविन्दुमा रहेको छ । यो चर्चको पादरी आर्कविसप तहको भएको हुँदा यस चर्चलाई क्याथेड्रल पनि भनिन्छ । कसैले यसलाई म्युनिक डोम पनि भन्छन् । यो डोमको निर्माण १२ औं शताब्दिमा रोमन शैलीमा भएको थियो । तर पुरानोको ठाउँमा गोथिक शैलीमा १५औं शताब्दिमा यो जुम्ल्याहा टावरसहितको डोमको निर्माण भएको रहेछ । २० वर्ष लगाएर बनाइएको यस डोमको निर्माण योर्ग फोन हाल्सवाखले गरेका थिए । निर्माणमा लामो समय लाग्नुको कारण निर्माणको लागि आवश्यक आर्थिक स्रोत र इँटा ढुंगाको अभाव नै मुख्य कारण भएको बताइँदो रहेछ । बनाउँदा बनाउँदै पैसा र निर्माण सामग्री अभाव हुन जाँदा सन् १४७९ मा निर्माण कार्य ठप्प पनि भएको रहेछ । डोमको टावरलाई जुम्ल्याहा भने तापनि उत्तरपट्टिको टावर झण्डै ९८ दशमलव ५७ मिटर र दक्षिणको टावर ९८ दशमलव ४५ मिटर रहेको छ । तर हेर्दा दुबै टावरको अग्लाई बराबरी जस्तो देखिन्छ । दुवै टावरमा दस दस गरी २० वटा घन्टीहरु झुण्डाइएका रहेछन् जस्को तुलना युरोपभरी रहेका कुनै चर्चसँग गर्न सकिँदो रहेनछ । यी घण्टीहरु १४९० तिर धातु पगाली आलब्रेख्ट ऐन्र्स्टले बनाउन लगाएका रहेछन् । सन् १५२५ सम्म एकसरो निर्माण कार्य सम्पन्न भई वास्तुपूजा गरेको भए तापनि रंगरोगनको काम भने हुन सकेको थिएन । यो डोमको डिजाइन विजाइन्टाइन शैलीमा जेरुसेलमको डोमकै नक्कल गरी बनाइएको छ । दुई लाख क्युविक मिटर (लम्बाई चौडाइ र उचाई) मा फैलिएको यस डोमको हलमा एकै पटक २० हजार जनाले उभिएर प्रार्थना गर्न सक्ने रहेछन । यसैकारण पनि यो डोमलाई दक्षिण जर्मनीको सबैभन्दा ठूलो हल मानिदो रहेछ । यस हलमा दुई लहरमा गरी २२ स्तम्भहरु रहेका छन् ।

यी स्तम्भलाई जोड्ने धनुषाकार दलिनको डिजाइन हाइनरिख फोन स्ट्राउविगले गरेका रहेछन् । दोस्रो विश्वयुद्धताका एलाइड फोर्सले गरेको हवाइ आक्रमणको कारण यो डोममा नराम्ररी क्षति पुगी छाना पुरै ध्वस्त भएको रहेछ र दुईमध्ये एक टावर क्षतिग्रस्त भएको रहेछ । यसरी क्षतिग्रस्त भएको डोमलाई विभिन्न चरण सम्पन्न गरी सन् १९९४ मा गएर सक्ने योजना रहेछ । यस डोमभित्र १४औंदेखि १८ औं शताब्दिबीचका विख्यात कलाकार पेटर कान्डिड, एरासमुस ग्रासर, यान पोलाक जस्ताले गरेका पेन्टिङहरु राखिएको छ । यसै डोममा होली रोमन सम्राट लुइस १४औंको चिहान पनि रहेको छ । डोमको अवलोकनपछि हामी म्युनिक सहरको मुटु कार्ल्स स्क्वायरतिर लाग्यौं र त्यहाँ घण्टौ बिताएपछि हामी घर फर्कियौं ।



मेरियन डोमको जुम्ल्याहा टावरको माथिल्लो भाग




म्युनिकको कार्ल स्क्वायरमा आमा रमा र सानीमा रुमनका साथ सुरेन्द्र ढकाल




स्पायर विश्वविद्यालयको भेटघाट साँझमा गिटारमा नेपाली गीत गाउँदै सुरेन्द्र




डोमभित्र रहेको विश्वविख्यात कलाकृति



मेरियन डोमको टावरलाई मुनिबाट हेर्दा



मेरियन डोमको भित्री भाग



म्युनिक सहरको केन्द्रमा रहेको मेरियन डोम

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001
JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565. Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

शीत-लहर के समय में ठण्ड के नाते मनई कै जान तक जाय सकत है, यहिक नाते,

- लरिके बच्चे, बूढे पुरनिया, गर्भवती मेहरारू औ बेरमिहा लोगन के देखरेख में विशेष सतर्कता अपनावत, लरिकन बच्चन का गरम अवस्था में राखै कै व्यवस्था किहा जाय ।
- ठण्ड के नाते बेराम भये, तत्कालै नकचेरे कै स्वास्थ्य चौकी वा अस्पताल में दवाई करावै खातिर जाय के आदत बनावा जाय ।
- शीत-लहर चलत के समय, पाल्तु पशुपंक्षिन का सकभर खुला जगही चरावै के न लइ जाव । घारी वा मडइन में प्रशस्त घाँस/पुइरा औ दाना देय कै व्यवस्था किहा जाय ।
- ठण्ड के नाते पुशपंक्षी वेराम भए, तुरून्तै नकचेरे के पशु चिकित्सालय में सम्पर्क कइकै, दवाई करावै लइ जावा जाय ।
- कोठरी के भित्तर आगि बारि कै, गरम राखा जात है तो, उचित रूप से भेण्टिलेसन कै व्यवस्था करै के, न भुलावा जाय ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# प्रशिक्षणले पार्टीमा नयाँ ऊर्जा थपेको छ

**नेपाल कम्युनिस्ट पार्टी मालेले यसै साता तीन नम्बर प्रदेश स्तरीय दुई दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । पार्टीका महासचिव सीपी मैनालीको अध्यक्षतामा सम्पन्न प्रशिक्षण कार्यक्रममा विभिन्न विषयमा प्रशिक्षण दिइएको थियो । निर्वाचनमा पराजय भोगेपछि नेकपा मालेले तत्कालै पार्टी गतिविधिलाई थप जिम्मेवार र परिमार्जित ढंगले अघि बढाउने निर्णय गरेअनुरूप प्रदेश स्तरीय प्रशिक्षणलाई प्राथमिकतामा राखेको छ । प्रशिक्षणमा सहभागीहरूले प्रशिक्षण कार्यक्रमलाई कसरी लिएका छन् भन्नेबारे ग्रेटर नेपालका तर्फबाट केही सहभागीसँग प्रतिक्रिया लिइएको थियो । प्रशिक्षण कस्तो लाग्यो ? के कस्ता उपलब्धि हासिल भए ? भन्ने जिज्ञासाको सहभागीबाट यस प्रकार प्रतिक्रिया प्राप्त भएको छ ।**

### शान्तिदीप रेग्मी
**जिल्ला कमिटी सदस्य, काठमाडौं**



एउटा गतिशील पार्टीको प्रशिक्षण कार्यक्रमहरु निरन्तर रुपमा भइरहनुपर्छ । पार्टीका नीति, कार्यक्रम र आधिकारिक धारणाबारे स्पष्ट हुनु र पार्टीको भावी कार्यदिशाबारे जानकारी लिन र त्यसलाई तल्लो तहका कार्यकर्ता र जनतासमक्ष पुऱ्याउन प्रशिक्षणको महत्वपूर्ण भूमिका हुन्छ । अब पार्टी नयाँ ढंगबाट अघि बढ्नुपर्छ । पार्टीले संगठन निर्माणमा जोड दिनुपर्छ । राष्ट्रियताको सवाल, जनजीविकाको सवाल, भ्रष्टाचार र कुशासनका विरुद्ध सशक्त ढंगले आवाज उठाउँदै संघर्षका कार्यक्रमहरुलाई सडकसम्म लैजान सक्नुपर्छ । कोठे राजनीतिबाट माथि उठेर जाने दृढ संकल्प सबैले लिनुपर्छ । प्रखर राष्ट्रवादी कम्युनिस्ट नेता सीपी मैनालीको विचार र उहाँले व्याख्या गरेको सैद्धान्तिक विचारहरु उच्च कोटीका भए पनि ती आम कार्यकर्ता र जनतामाझ पुग्न सकेको छैनन । त्यसैले उहाँ आफैं तथा सम्पूर्ण नेता कार्यकर्ता बढी से बढी जनतासमक्ष पुग्ने प्रयत्न गर्नुपर्छ । जनतालाई बुझाउन सकेमा नेकपा माले फेरि अवश्य उठ्छ, यो प्रशिक्षणको सन्देश पनि यही हो ।

### केदार गिरी
**केन्द्रीय सदस्य तथा ललितपुर जिल्ला सचिव**



यो प्रशिक्षण कार्यक्रमको अति आवश्यकता थियो । केन्द्रीय कमिटीको पूर्ण बैठकमा पनि प्रशिक्षणबारे छलफल भएको थियो । देश संघीय शासनमा गएको बेला पार्टीको सांगठनिक स्वरुप पनि संघीय ढाँचामा ढाल्नुपर्ने आवश्यकता र तदनुरुपको पार्टी गतिविधि सञ्चालन गर्न प्रशिक्षणको खाँचो महसुस भइरहेको बेला प्रशिक्षण कार्यक्रम भएको छ । पार्टी स्थानीय तहदेखि प्रदेश हुँदै केन्द्रीय संसदको निर्वाचनमा समेत नराम्रोसँग पराजित भएको अवस्थामा पार्टीलाई पुनर्जीवन दिएर थप गतिशील र ऊर्जावान बनाउन प्रशिक्षणको अपरिहार्यता रहेकै बेलामा भएको यो प्रदेश स्तरीय प्रशिक्षणले नयाँ ऊर्जा पैदा गरेको छ ।

अब हामी अवश्य उठ्नुपर्छ । हामीले आफ्नो कार्यक्षेत्रमा पुगेर प्रशिक्षणमा प्राप्त भएका सैद्धान्तिक र व्यावहारिक ज्ञानलाई तल्लो कमिटी हुँदै आम जनतासम्म पुऱ्याउने संकल्प गर्नुपर्छ । सांगठनिक शैलीलाई नयाँ ढाँचामा लैजानुपर्छ । आम उपभोक्तावादी शैली र चिन्तन हुर्किरहेको अवस्थामा हामीले फरक ढंगले जाने प्रयास गर्नुपर्छ । अब माथिल्लो तहमा बसेर वाद र सिद्धान्तको रटान लगाउनुभन्दा सिद्धान्तलाई जनताको घरदैलोमा पुऱ्याउने र व्यवहारको कसीमा घोट्ने प्रयत्नमा सबै लाग्नुपर्छ । त्यसैगरी तल्लो तहमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नलाई सरल भाषामा सामान्य जनता र कार्यकर्ताले समेत बुझ्ने गरी पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गर्नेबारे पनि सोच्न आवश्यक छ ।

### दिनेशकुमार खाती
**केन्द्रीय सदस्य तथा भक्तपुर सचिव**



प्रशिक्षण निश्चय पनि उपलब्धिमूलक भयो । म आफैं पनि आयोजक कमिटीको सदस्य भएको हैसियतले के भन्छु भने मालेलाई फेरि राजनीतिक मैदानमा माथि उठाउनका लागि सबै प्रदेशमा यस्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरेर तल्लो कमिटीसम्म प्रशिक्षणलाई निरन्तरता दिनुपर्छ । अहिले मालेप्रति एक किसिमको भ्रम व्याप्त छ । वाम गठबन्धनमा माले किन गएन ? भन्ने प्रश्न उठेको छ । निर्वाचनमा हामीले यसबारेमा जनतालाई बुझाउन सकेनौं । हामी र एमाले माओवादी गठबन्धनबीचको सैद्धान्तिक खाडलबारे स्पष्ट पार्न सकेनौं । त्यसैगरी सांगठनिक कमजोरीका कारणले पनि हामी हाऱ्यौं । अब हामीले जनतालाई बुझाउन सक्नुपर्छ कम्युनिस्टको खोल मात्र ओढेका कथित वाम गठबन्धनले नेपाली जनताको सच्चा मुक्ति गर्न सक्दैनन्, उनीहरु जनवाद होइन धनवादको पछि लागिरहेका छन् भनेर । जनयुद्ध गर्ने र जनयुद्ध दबाउने बीचको गठबन्धनले राष्ट्रको हित गर्न सक्दैन र राष्ट्रियताको संरक्षण पनि गर्न सक्दैन भन्ने हाम्रो पार्टीको ठहरलाई तल्ला कमिटीसम्म र आम जनतासम्म बुझाउन जरुरी रहेको सन्देश प्रशिक्षणले दिएको छ । माले अब उठ्छ, राष्ट्रियता, स्वाधीनता र नेपाल र नेपालीको समृद्धिको लागि माले माथिदेखि तलसम्म प्रतिपक्षको भूमिकामा सक्रिय रहन्छ । हामी प्रशिक्षणमा प्राप्त गरेका उपलब्धि तलसम्म पुऱ्याउन क्रियाशील रहन्छौं ।

### कपिलदेव पोखरेल, दाङ
**महासचिव, अनेरास्ववियु पाँचौं**



प्रशिक्षण अत्यन्तै उपयुक्त समयमा भएको छ । मालेले ठक्कर खाएको बेला बिचलित नभइकन प्रशिक्षण कार्यक्रम आयोजना गरेर पार्टीलाई ठीक ठाउँमा ल्याउने प्रयासको थालनी गरेको छ । पार्टीको यो प्रयासमा विद्यार्थी संगठनको पनि राम्रो साथ सहयोग रहनेछ । कुनै पनि राजनीतिक संगठनलाई अगाडि बढाउन जनवर्गीय संगठनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अबका दिनमा अनेरास्ववियुले पार्टीले अघि सारेको राष्ट्रियता, देशभक्तिपूर्ण आन्दोलनलाई अघि बढाउनेछ । सबैखाले सामाजिक विकृति भ्रष्टाचार, कुशासन, मूल्यवृद्धिका विरुद्धमा संगठनले आवाज बुलन्द बनाउनेछ ।

शिक्षा क्षेत्र अहिले शैक्षिक माफियाहरुले तहसनहस बनाएका छन् । सरकारी विद्यालय गरिबका छोराछोरीलाई अलमल्याउने ठाउँ बनेका छन् भने निजी विद्यालयहरु शिक्षाको मन्दिरभन्दा पनि व्यापारिक प्रतिष्ठानका रुपमा रहेर जनता लुटिरहेका छन् । हामी शिक्षामा देखिएको विभेदका विरुद्धमा छौं । सम्पन्न र विपन्नबीचको शैक्षिक खाडल पुर्न देशको आवश्यकता अनुरुपको व्यावसायिक, व्यावहारिक र जनवादी शिक्षाको पक्षमा हामी छौं । पार्टीले सम्पन्न गरेको तीन नम्बर प्रदेश स्तरीय प्रशिक्षणमा हामीले पनि संगठनको तर्फबाट सहभागिता जनाएर नीति, कार्यक्रम, लक्ष्य उद्देश्यबारे थप स्पष्ट हुने मौका पाएका छौं । अब सबै तह तप्का र जनवर्गीय संगठनहरुबाट पार्टीले अबलम्बन गरेका सिद्धान्त कार्यान्वयनमा क्रियाशील बन्न जरुरी छ ।

### टीकाराम दियाली, दोलखा
**केन्द्रीय कमिटी सदस्य तथा विभेद मुक्ति प्रगतिशील समाज नेपालका अध्यक्ष**



प्रशिक्षणको आवश्यकता महसुस गरेर प्रदेश कमिटीले प्रशिक्षणको आयोजना गऱ्यो जुन अत्यन्त आवश्यक थियो । प्रशिक्षण केही कमी कमजोरीबीच उपलब्धिमूलक भयो । कार्ययोजना नयाँ शैलीको आउने अपेक्षा गरेकोमा पुरानै शैलीको आयो । यसमा समयानुकूल सुधार हुन जरुरी छ । पार्टीले गर्ने भनेका पाँच जनकार्य सम्पन्न गर्न कसरी जनतासमक्ष जाने भन्ने ठोस नीति बन्नुपर्छ । त्यसैगरी जनतासँग जाँदा के कस्ता लिएर जाने भन्नेमा प्रस्ट हुनुपर्छ । आम नेपाली जनताले परिवर्तन चाहेका छन्, हाम्रा नीति, कार्यक्रम व्यवहारमा उतार्न सक्यौं सकेनौं भनेर मिहिन ढंगको मूल्यांकन हुन सकेन । पार्टीले साँच्चीकै प्रतिपक्षको भूमिका निभाउने हो भने सामाजिक विकृति, विसंगति, भ्रष्टाचार, कुरीति, कर्मचारीतन्त्र र जनप्रतिनिधिका ढिलासुस्ती विरुद्ध लड्ने प्रदेश स्तरीय युवा दस्ताको निर्माण गर्न जरुरी छ । यस्तो युवा दस्ताले फटाहाहरुलाई कारबाही गर्न सकोस् । होइन भने हाम्रा नीति, सिद्धान्त केवल कागजी दस्तावेज मात्र बन्नेछन् । यसतर्फ नेतृत्व सचेत रहन आवश्यक छ ।

### तुलसादेवी पोखरेल, सिन्धुली
**ट्रेड युनियन, केन्द्रीय सदस्य**



प्रशिक्षण कार्यक्रम राम्रो लाग्यो । हामीले पार्टीले गरेका र भविष्यमा गर्न खोजेका कामबारे जानकारी पायौं । संगठन विस्तार गर्ने, बैठक सञ्चालन गर्ने विधिबारे समेत थप जानकारी हासिल गऱ्यौं । हामीले प्रशिक्षणमा प्राप्त गरेका उपलब्धिलाई तल्लो तहसम्म पुऱ्याउने संकल्प गरेका छौं । हामी संगठित भएको ट्रेड युनियनमा पनि प्रशिक्षणको सन्देश पुऱ्याउने छौं ।

### झर्सी किसान
**प्रदेश कमिटी सदस्य**



प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम सान्दर्भिक लाग्यो । पार्टीमा नयाँ कमिटीहरु निर्माण गर्ने, पुनर्गठन गरेर जीवन्त बनाउने, पार्टीका नीति कार्यक्रम लिएर जनतासम्म जाने तरिकाबारे प्रशिक्षणले थप जानकारी प्रदान गरेको छ । विगतमा भएका गल्ती कमजोरीबाट पाठ सिकेर आगामी दिनमा माले सशक्त ढंगले अघि बढनुपर्छ । देशमा मौलाएको भ्रष्टाचार, दलाली, कमिसनतन्त्र र सबैखाले विकृति चिर्न माले अब उठ्नैपर्ने हुन्छ । वाम गठबन्धनले मुलुकको राष्ट्रियता जोगाउन र मुलुकलाई समृद्धितर्फ लैजान सक्दैन । मुलुकको समृद्धिको लागि कृषि क्षेत्रलाई आधुनिकीकरण गरेर आत्मनिर्भर बन्न सक्नुपर्छ । जमिनमा भएको जथाभावी खण्डीकरण र उब्जाउ भूमिमा भूमाफियाहरुले गरेको प्लटिङ रोक्न सक्नुपर्छ । जमिनलाई जलवायुको अध्ययन गरेर उपयुक्त बालीनालीको पकेट क्षेत्र छुट्याउनुपर्छ । किसानलाई सहज ढंगले कृषि ऋण, मल, बिउ र सिंचाइ सुविधा र उत्पादनको बजारीकरणको व्यवस्था गरिनुपर्छ । तीन नम्बर प्रदेश स्तरीय प्रशिक्षणले पक्कै पनि नयाँ आशा जगाएको छ । कमी कमजोरीलाई हटाउँदै प्रशिक्षण कार्यक्रमलाई सबै प्रदेश र स्थानीय तहसम्म पुऱ्याउनुपर्छ ।

### मानबहादुर शाही, मुगु
**केन्द्रीय कमिटी सदस्य, ६ नं. प्रदेश सचिव, पूर्व भूमिसुधार राज्यमन्त्री**



अब ऊर्जा, आँट र जोश बढ्ने हिसाबले अघि बढ्नुपर्छ । देश, काल परिस्थिति अनुकूल सांगठनिक गतिविधिका ढाँचा र शैली परिवर्तन गर्दै अघि जानुपर्छ । लेकमा हिउँ पऱ्यो भन्दैमा बेंसीमा दोचा लगाउन जरुरी छैन । हामीले पराजयबाट निराशा होइन, राम्रो पाठ सिकेर अघि बढ्नुपर्छ । हामीलाई ठक्करबाट राम्रो शिक्षा पनि मिलेको छ । प्रशिक्षण कार्यक्रमले नेता कार्यकर्तामा व्याप्त भएको निराशालाई केही हदसम्म चिर्न सफल भएको छ ।

प्रशिक्षणमा प्राप्त सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न सकेमा मात्र त्यसको औचित्य सार्थक ठहर्छ अन्यथा भालुलाई पुराण सुनाएजस्तो हुन्छ । नेकपा मालेका कार्यकर्ता र माले समर्थक जनतालाई अन्य पार्टीहरुले नानाथरी आशा देखाएर प्रलोभनमा पारेर त्रास देखाएर भड्काउने काम गरेका छन् । अब हामीले सबैलाई वास्तविकता बुझाएर सम्झाएर एकजुट बनाउनुपर्छ । कम्युनिस्ट पार्टी गतिशील बन्नैपर्छ । एउटा भनाइ नै छ 'गुडिरहेको ढुंगामा लेउ लाग्दैन' । त्यसैले नेता कार्यकर्तालाई यस्ता प्रशिक्षणमा समय समयमा सहभागी गराउनुपर्छ । हतियार पनि साँध लाएकै राम्रो हुन्छ । प्रशिक्षण कार्यक्रमलाई हाम्रो विकट क्षेत्र कर्णालीसम्मै पुऱ्याउन सक्यो भने त्यहाँ पनि मालेको संगठन विस्तार भएर जानेछ । सक्रियतापूर्वक सबै लागेमा पार्टी उठ्छ र भविष्य उज्ज्वल बन्छ ।

### कुसुम थिङ
**ट्रेड युनियन कोषाध्यक्ष तथा महिला विभाग अध्यक्ष, तीन नं. प्रदेश कमिटी सदस्य**



प्रशिक्षण कार्यक्रमको खाँचो महसुस गरेर तीन नं. प्रदेश कमिटीले प्रशिक्षणको आयोजना गरी सम्पन्न गरेको छ । यो दुई दिनको प्रशिक्षणमा हामीले थुप्रै विषयगत ज्ञान हासिल गऱ्यौं । पार्टीको नीति, सिद्धान्त, राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिक परिस्थिति, संगठनको स्वरुप, संगठन विस्तार लगायतका विषयमा गम्भीरतापूर्वक प्रशिक्षण सम्पन्न भएको छ । प्रशिक्षणबाट प्राप्त ज्ञानलाई आफू संगठित भएको कमिटीमा पुऱ्याएर त्यहाँ पनि थप छलफल गरिनेछ । तल्लो तहसम्म प्रशिक्षणलाई विस्तार गरिनुपर्छ ।

म ट्रेड युनियनको महिला विभाग अध्यक्ष भएको हैसियतले श्रमिक महिलाका दुःख पीडाबारे जानकार छु । भविष्यमा सम्पूर्ण मजदुरका समस्यालाई अझ सशक्त ढंगले उठाउने हौसला प्रशिक्षणबाट प्राप्त भएको छ ।

---

बांगा कविता

## ए दाइ जाने हो ?



● प्रेम ओली
(ढकलपुरे)

भोटाहिटीतिर जाँदैथेँ
रत्नपार्कको चक्कर खाँदैथेँ
बाटो यसो गम्दैथेँ
कविताको कल्पनामा रम्दैथेँ
एउटी तरुनी स्कुटीमा आइ
मतिर फर्कंदै भनी हाइ
म अलमल परेको देखी पछी भनी
ए दाइ जाने हो
जाने भए यै स्कुटिमा लाने हो

यो बिजिनेसमा भर्खर भर्खर लाग्या छु
त्यसैले मार्केटमा सस्तो रेट राख्या छु
किन हिच्किचाउनु हुन्छ
घरको भात कति खाने हो
ए दाइ जाने हो ?
जाने भए आफ्नै फ्ल्याटमा लाने हो ।

कति खेसरीको दाल दिनहुँ खाने
कहिलेकाहीँ दाल फेरि फेरि खानु पर्छ
घरमा सिकार कति गर्ने
यसो बाहिर पनि सिकार गर्न जानुपर्छ
ए दाइ जाने हो
कति लजाको नि केटी जस्तो
जाने भए यै स्कुटीमा हालेर लाने हो ।

जाने भए ढुक्क हुनुस्
सुरक्षित आफ्नै ठाउँ छ
चौकिदारी गर्ने आफ्नै बाउ छ
बाहिरबाट भर्खर राजधानी सऱ्या हो
नयाँ मार्केट भएर मात्र विज्ञापन गऱ्या हो
तपाईं त केटी जस्तो शर्माउनु भो
नछुँदा पनि हिटर जस्तो गर्माउनु भो
ए दाइ जाने हो ?
जाने भए आफ्नै गाडीमा लाने हो ।

बियर पनि तानौंला
रोस्ट पनि हानौंला
एक रात भए पनि हजुरलाई
आफ्नै महादेव मानौंला
एक पटक नियालेर हेर्नुस् त कस्तो छु
फिल्ममा खेल्ने हिरोइन जस्तो छु
बढ्या छु पढ्या छु
मस्त खाएर कति दिन बाटोमा लड्या छु
कहिले राति कहिले दिनमा पनि ब्यस्त छु
डराउनु पर्दैन म पूरा पूरा स्वस्थ छु
ए दाइ जाने हो
जाने भए आफ्नै स्कुटीमा लाने हो ।

यत्रो लामो बसाइमा यहाँ
गजबको नयाँ कुरा भोगे
कविता त कता हरायो हरायो
तै हिरोइनकै समर्पणमा यो कविता ठोकें ।

---

कथा

■ घनश्याम ओली

## आखिर किन ?

दश/पन्ध्र वर्षअघिको कुरा हो । म त्यस बखत योजना आयोगमा जागिरे थिएँ । म आफ्नो काममा व्यस्त थिएँ । त्यसैबेला प्रशासन प्रमुखले मलाई बोलाएर भन्नुभयो-

'मोहन !, यी बहिनीको कम्प्युटरमा परीक्षा लेऊ र मलाई रिपोर्ट देऊ ।'

मैले 'हस् हजुर' भनेर ती बहिनीलाई परीक्षाको लागि कम्प्युटरमा बसाएँ । उनका हातहरु डरले काँपिरहेका थिए । निधारमा चिट् चिट् पसिना आइरहेको थियो । अनुहार अत्यन्तै मलिन थियो । मैले उनको हौसला बढाउँदै भनें- 'बहिनी नडराऊ । मान तिम्रा अगाडि तिम्रो दाइ उभिएको छ । तिम्रा लागि म सक्दो सहयोग गर्नेछु ।'

त्यसपछि उनले लामो सास फेरेर खुसी हुँदै कम्प्युटर चलाइन् । मलाई उनको अवस्था देखेर ज्यादै दया लाग्यो । यस्तो लाग्थ्यो उनी ठूलै संकटमा छिन् । त्यसैले मैले उनको जागिरको लागि सिफारिस गरेँ । उनको जागिर पनि पक्का भयो । मैले पछि उनलाई सोधेँ-

'बहिनीको नाम के हो ?'

'गोमा'- उनले आफ्नो नाम बताइन् ।

मैले फेरि सोधें- घर कहाँ नि ?

'पूर्व'- उनले यत्तिमात्र भनिन् ।

'यहाँ कोसँग बस्नुहुन्छ ?'

'साथीसँग' - उनले अप्ठ्यारो मान्दै भनिन् ।

मैले उनको वास्तविकता बुझ्दै गएँ । उनले पनि मेरो बारेमा सबै जानकारी पाइन् । यसै क्रममा उनले आँखाभरि आँसु झार्दै भनिन्- 'दाइ साथीहरुको लहैलहमा लागेर काठमाडौं आएँ । यहाँ मैले चिनेजानेको कोही छैन । जागिर त तपाईंका कृपाले पक्का भयो । अब बस्ने खाने ठाउँको अत्तोपत्तो छैन । त्यसमा पनि दाइले आफ्नै बहिनी सम्झी दया गर्नुभए आभारी हुने थिएँ ।'

म असमन्जसमा परेँ । नगरुँ भने उनको त्यो हालत । गरुँ भने मेरो पनि आफ्नै समस्या । श्रीमतीलाई के भनेर सम्झाउने ? एक त आईमाईहरु शंकालु हुन्छन् । धन्य मेरी श्रीमती सोझी भएकीले मेरो कुरा काट्दिनथिन् । मैले उनलाई खाने, बस्ने व्यवस्थाको सबै बन्दोबस्त गरिदिएँ । त्यति गरेर पनि उनको सुरक्षाको प्रश्न आउँथ्यो । एक्ली केटी बसेको देखेर केटाहरुको गिद्दे दृष्टि नपरेको पनि होइन । त्यसपछि मैले उनलाई आफू बसेकै घरको एउटा कोठा मिलाइदिएँ । यी सब क्रियाकलापहरु देखेर हाम्रो सम्बन्धका बारेमा कुरा काट्नेहरु पनि नजन्मेका होइनन् । तर उनको र मेरो सम्बन्ध कति पवित्र थियो भन्ने कुरा केवल उनलाई र मलाई मात्र थाहा थियो । हरेक वर्ष आउने भाइटीकामा मैले उनकै हातको टीका र हार पहिरेको थिएँ । मैले एउटा असल दाजुको भूमिका निभाएको थिएँ भने उनले बहिनीको ।

समय र परिस्थिति सधैं एकै किसिमको नहुँदो रहेछ । गोमाले पनि विस्तारै काठमाडौंको वातावरण र रहनसहन बुझ्न थालिन् । उनको सम्पर्क अन्य व्यक्तिहरुसँग पनि हुन थाल्यो । यसै क्रममा उनको सम्पर्क उनकै मामाको छोरा कृष्णे र उसको साथी भृकुटेसँग हुन थाल्यो । गोमाको सम्पर्क उनीहरुसँग बढी र मसँग कम हुन थाल्यो । हुँदाहुँदा कृष्णेले गोमालाई उसकै कोठामा बस्न बोलायो । बस्दै जाँदा उनको भृकुटेसँग प्रेम बढ्दै गयो । भृकुटे पढेलेखेको जागिरे केटो भएकाले गोमाले उसलाई मन पराउनु पनि स्वाभविक थियो । त्यसमाथि पनि ऊ ज्यादै सहयोगी थियो ।

गोमा सुत्ने बेलामा सधैं कराउने, बर्बराउने गर्थी । यतिसम्म कि उसलाई एक्लै सुताउनु हुन्नथ्यो । यसबारे भृकुटे र कृष्णे पनि चिन्तित थिए । कति रात उनलाई रुँघेर जागा बसे । उनीहरुले गोमाको उपचारको लागि धेरै खर्च गरे । धामी, झाँक्री, माता सबैतिर दौडाए । तर पनि उनी बर्बराउन र चिच्याउन छोडिनन् । पछि थाहा भयो- उनलाई हिस्टेरिया रहेछ । गोमाको नजिकै कोही न कोही साथी सुत्नु पर्थ्यो । यसैले कहिले कृष्णे त कहिले भृकुटे गोमाको साथ सुत्थे । यसै क्रममा गोमाको भृकुटेसँग शारीरिक सम्पर्क समेत भएछ । आखिर गोमाले पनि यही चाहेकी थिइन् । उनको रोगको निदान पनि यही थियो । गोमा र भृकुटेको सम्पर्क झन् प्रगाढ बन्दै गयो । अब उनीहरु एक अर्काबिना बाँच्न नसक्ने भए ।

एक दिनको कुरा हो । म अफिसको जरुरी काममा व्यस्त थिएँ । त्यस शाखाको सारा काम म एक्लैले गर्दै थिएँ । मलाई सघाउने कोही थिएन । त्यस दिन गोमा अलि अबेर आइन् । मैले गोमाले केही काम सघाउने आशा राखेको थिएँ । तर उनले काम गर्नुको सट्टा कम्प्युटरमा गेम खेलेर बसिन् । मैले उनलाई सम्झाउँदै भनें-

'गोमा, आज इमर्जेन्सी कामहरु धेरै छन् । मलाई कामको बोझ बढी भयो । तिमीले सघाइदिए केही हलुको हुने थियो । तिमी गेम नखेल । अलिकति भए पनि काम सघाउ ।' मैले यसो भन्दा उनले झर्केर जवाफ दिइन्- 'खेल्छु । मलाई काम गर्ने मुड छैन । 'तैंले के गर्छस् । तँ को होस् मलाई हप्काउने ?'

मलाई झनन् रिस उठ्यो । आफूले पालेको कुकुरले आफैंलाई टोकेजस्तो लाग्यो मलाई । 'म को हुँ, मैले तिम्रा लागि के मात्र गरिनँ । यो सब अब मैले भन्नुपर्छ ? आखिर तिमी मसँग के चाहन्छ्यौ ? तिमीमा यस्तो परिवर्तन किन ?'- मैले असह्य भएर सोधें । उनले रणचण्डी बनेर मलाई खाउँलाझैं गरी अपशब्द बोलिन्- 'रण्डो ।' तँलाई भरे ठीक लगाउँछु ।'

म गोमाको व्यवहार र अफिसको कामको बोझले थकित र मुडअफ भएर ओछ्यानमा मात्र के पल्टेको थिएँ- बाहिरबाट ढोकामा मेल्ट्रीको बुटले ढोका बजारेझैं आवाज आयो- ढड्याम्म...। मैले आश्चर्य मान्दै विस्तारै ढोका खोलेँ । कोठाभित्र त्यही गोमा, त्यसको लभर भृकुटे र दाइ भनाउँदो कृष्णेको प्रवेश भयो । उनीहरुले मलाई बाघले झम्टेझैं गरी झम्टेर भने- 'मोहने गधा, तँलाई बाँच्न मन छैन । एउटी नारीमाथि हात उठाउने तेरो यत्रो हिम्मत ? ए भृकुटे ! यसको सामानहरु सबै बाटामा फालिदे । यसले धेरै फुर्ति देखायो ।'- कृष्णे कराइरहेको थियो । गोमा आगोमा घिउ थप्दै थिई र भृकुटे आदेशको पालना गर्दै थियो ।


मैले हात जोडेर बिन्ती गरेँ- 'मैले केही गरेको भनेको छैन । मैले केही बिराएको भए गाई मारी हत्ये । म निर्दोषमाथि यत्रो अन्याय नगर्नुहोस् ।' 'छाड्दे यसलाई । आइन्दा फेरि यस्तो व्यवहार गरेछ भने यसलाई जिउँदै डढाइदिन्छु ।' कृष्णे मुर्मुरिँदै फर्कियो । गोमा र भृकुटे उसको पछि पछि लागे । यस घटनाको महिना दिन नबित्दै गोमा र भृकुटे विवाह बन्धनमा बाँधिए । त्यसपछि बल्ल थाहा भयो गोमाको व्यवहारमा आएको परिवर्तनको जड भृकुटे पो रहेछ । आखिर मेरो दोष के ? गोमालाई त थाहा थियो मेरो र उसको सम्बन्ध पवित्र, स्वच्छ र निर्मल थियो । तर पनि यस्तो व्यवहार किन ? आखिर मैले उसलाई गरेको त्यत्रो त्याग, सहयोगको बदला यही हो ? मैले उसबाट तिरस्कार पाएँ किन ? आखिर किन ? मेरो मानसपटलमा आज पनि यही प्रश्न जुर्मुराएर उठिरहन्छ- अनुत्तरित भएर । हो, त्यसैले आज मलाई त्यही प्रश्नले जलाइरहेको छ- पश्चात्तापको क्रोधाग्नि बनेर । डसिरहेको छ- विषालु सर्प बनेर । चहऱ्याइरहेको छ- कहिल्यै नसुक्ने घाउ बनेर ।

# के ज्युँदै छ अझै खालिस्तानी स्वतन्त्रता आन्दोलन?

सुधा कार्ल

खालीस्तानी आन्दोलन भनेको सिखहरुको स्वतन्त्रताको आन्दोलन हो । यसको उद्देश्य अंग्रेजहरुले सैनिक जबर्जस्ती गरेर खालीस्तानलाई इस्ट इण्डिया कम्पनीमा गाभेपछि सन् १९४७ मा अंग्रेजले भारत छोडेर जाँदा जसरी भारत पाकिस्तान दुई देश बने त्यही बेला खालिस्तानी गणतन्त्र पनि स्वतन्त्र हुनुपर्ने थियो ।


दक्षिण एसियाको पञ्जाव क्षेत्रलाई खालिस्तान मानिन्छ जसभित्र हालको हरयाणा, हिमाञ्चल प्रदेश (ग्रेटर नेपालको कुमाऊ गढवाल र काँगडा प्रदेशबाहेक) जम्मु कास्मिर, राजस्थान पर्दछ जस्को राजधानी भनेको चण्डिगढ हो । यही खालिस्तानभित्र मुसलमान बहुसंख्यक रहेको कास्मिर मुक्ति आन्दोलन सशक्त छ जस्को कारण भारत पाकिस्तानको युद्ध पनि भइसेकेको छ भने यो क्षेत्र निरन्तर रुपमा अशान्त रहिआएको छ। अन्तर्राष्ट्रिय पर्यवेक्षणमा यहाँ जनमत गराई कास्मिरको समस्या समाधान गर्नुपर्दछ भन्ने विचार औपनिवेशिक भारतले नमानेको कारण हालसम्म यो समस्याको दीर्घकालीन समाधान हुन सकेको छैन ।
















पञ्जाव क्षेत्र भनेको सदियौंदेखि सिखहरुको भूमि हो । सन् १७६७ देखि १७९९ सम्म सिख शासित प्रदेशलाई सिख सम्राट महाराजा रञ्जित सिंहले एकिकरण गरेका थिए। यस साम्राज्यभित्र हिन्दु र मुसलमानको संख्या पनि कम थिएन । नेपालको सिखसँगको सीमालाई सन् १८१६ को सुगौली सन्धिअनुसार अलग्याएपछि सिख साम्राज्य एक्लियो र अंग्रेजले यसलाई हराई आफ्नो उपनिवेशमा गाभ्यो र सिंगै सिख साम्राज्यलाई आफ्नो लुधियाना जिल्लाअन्तर्गत राख्यो । यदि सिख र गोर्खाली एक भइ अंग्रेजसँग लड्थे भने सन् १८१४ को तांका नै अंग्रेजको भारतमा रहेको उपनिवेश पतन हुन्थ्यो र दक्षिण एसियाको शक्तिशाली राष्ट्र भनेकै नेपाल र पञ्जाव हुन्थे। सिख साम्राज्यको पतनसँगै सीख सम्राट रञ्जित सिंहकी विधवा महारानी चाँदकुवरले नेपालमा शरण लिएकी थिइन् । अंग्रेजको आग्रह विपरीत शरणको मरण गर्नु हुन्न भन्दै तत्कालिन प्रधानमन्त्री जंगबहादुरले अंग्रेजलाई नबुझाइ यी महारानीलाई नेपालमा शरण दिएका थिए ।

सन् १९४० मा भएका लाहोरको सहमतिअनुसार मुस्लिम लिगले मुसलमानको लागि बेग्लै देश माग गर्दा सिख नेताहरुले भारत पाकिस्तान विभाजन हुने भएमा पञ्जावलाई छुट्याइ सिख मातृभूमि खालिस्तानको पनि स्वतन्त्रता हुनुपर्दछ भनेर आवाज उठाएका थिए। सन् १९४७ मा जब भारत र पाकिस्तानको विभाजन भयो त्यसैगरी पञ्जाव क्षेत्रलाई पनि आधा आधा बनाइ भारतीय पञ्जाव र पाकिस्तानी पञ्जाव भनेर विभाजन गरियो र बहुसंख्यक पञ्जावीहरु पाकिस्तानी पञ्जाव छोडेर भारतीय पञ्जावतर्फ बसाइँ सरे । सन् १९५० देखि सिखहरुको राजनीतिक दल अकाली दलले भारततर्फका पंजावीहरुको बेग्लै राज्य हुनुपर्दछ भनेर पञ्जावी सुवा आन्दोलन चलायो । यस क्रममा हिँसात्मक आन्दोलनहरु पनि भए तर भारतको केन्द्रीय सरकारले छुट्टै पंजावी राज्यको मागलाई इन्कार गऱ्यो। तर सन् १९६५ को भारत पाकिस्तान युद्धमा कतै सिखहरुले पाकिस्तानलाई साथ देलान् भनेर डराएको भारतले अन्तमा हिमाञ्चल प्रदेशबाट छुट्याएर सिखहरुको बेग्लै राज्यको रुपमा हरयाणा कायम गऱ्यो । यसलाई अकाली दलले आफ्नो ठूलो सफलता मानेपछि स्वतन्त्र खालिस्तानको आन्दोलन केही निस्तेज हुन पुग्यो ।

सन् १९७१ मा स्वतन्त्र खालिस्तानका अभियन्ता जगजितसिंह चौहानले अमेरिका भ्रमण गरे । उनले स्वतन्त्र खालिस्तानको आन्दोलनलाई सहयोग गरौं भनेर न्यूयोर्क टाइम्समा आग्रहसहित विज्ञापन छपाए । जस्को फलस्वरुप अमेरिकामा बसोबास गर्ने सिखहरुबाट उनले करोडौं डलर जम्मा गर्न सफल भए । तत्पश्चात उनले सन् १९८० अप्रिलमा तत्कालिन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीलाई भेटे । सो भेटभन्दा अगाडि नै उनले आनन्दपुर साहिव भन्ने ठाउँबाट नेसनल काउन्सिल अफ खालिस्तान घोषणा गरिसकेका थिए । सो काउन्सिलको अध्यक्षमा उनी आफैं र महासचिवमा बलवीर सिंह सन्धु रहेका थिए । यिनै चौहानले सन् १९८० मेमा बेलायत भ्रमण गरे र त्यहीँबाटै स्वतन्त्र खालिस्तानको घोषणा गरे ।

यता महासचिव बलवीर सिंहले अमृतसरबाटै स्वतन्त्र खालिस्तान घोषणा गरी खालिस्तानको आफ्नै मुद्रा तथा हुलाक टिकटसमेत निष्कासन गरे । यो कार्यलाइ अकाली दलका नेता हरचन्द सिंहले विरोध गरे । सन् ७० को दशकमा सुरु भएको खालिस्तान स्वतन्त्रताको आन्दोलन सन् ८० को अन्ततिर पुग्दा निकै चुलियो । यस आन्दोलनको पक्षमा आमरुपमा विश्वभर अर्थ संकलन गरियो, संसारभर रहेका सिख युवाहरु परिचालित भए । आन्दोलन चर्किंदै जाँदा भारतीय केन्द्रीय सरकारको लागि शान्तिसुरक्षा चुनौतिको विषय बन्न पुग्यो । त्यही बेला जर्नेल सिंह भिन्द्रनेवाला सशस्त्र आन्दोलनको नेतृत्वमा आए । आन्दोलनकारीहरुले आफूहरुलाई हरमन्दिर साहिव जस्लाई सिखहरुको स्वर्ण मन्दिर भनिन्छ त्यहाँ जम्मा गरे र पूरै स्वर्ण मन्दिरलाई हातहतियारले सुसज्जित गरी सैनिक किल्लामा परिणत गरिदिए ।

आन्दोलनकारीलाई त्यहाँबाट धपाइ स्वतन्त्र खालिस्तानी आन्दोलनको जरो उखेलेर फाल्न तत्कालिन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले जुन १९८४ मा अपरेसन ब्लुस्टार संचालन गरिन् । यो अपरेसन भारतीय सैनिक, केन्द्रीय प्रहरी रिजर्व फोर्स, सीमा सुरक्षा बल र पंजाव प्रहरीको संयुक्त कमाण्डमा रहेको थियो । यस अपरेसनमा खालिस्तानी स्वतन्त्रता आन्दोलनका नेता भिन्द्रेनवाले मारिए। सैनिकतर्फ र नागरिकतर्फ गरी ठूलो हताहति भयो । स्वर्ण मन्दिरमा समेत नराम्ररी क्षति पुग्न गयो। आफ्नो पवित्रस्थल स्वर्ण मन्दिरमा बुट लगाएका भारतीय सैनिक सुरक्षा बलले गरेको कारबाहीलाई सामान्य सिखले पचाउन सक्ने कुरै भएन । यसैको बदलास्वरुप आफ्नै सिख सुरक्षा गार्डले इन्दिरा गान्धीलाई गोली ठोकेर माऱ्यो । यसैको कारण सिख विरोधी आतंक भारतको राजधानी दिल्लीबाट सुरु भई सिंगै भारतभरि फैलियो । यस क्रममा लाखौं सिखहरु मारिए । संयोगवस यसै काल सन् १९८२ देखि ८७ सम्म भारतको राष्ट्रपति सिख ज्ञानी जैल सिंह थिए ।

सन् १९८६ मा फेरि अल इण्डिया सिख स्टुडेन्ट फेडेरेसन नामक विद्यार्थीहरुको सशस्त्र समूहले स्वर्ण मन्दिरलाई आफ्नो कब्जामा लियो र २६ जनवरी १८९६ मा यस्ले स्वतन्त्र खालिस्तान निर्माण गर्ने रिजोलुसन पास गऱ्यो । यो समूहले निरन्तर रुपमा भारतको संघीय सरकारविरुद्ध सशस्त्र कारवाही गर्दै आइरहेकोमा सन् १९९० को सुरुमै भारतीय सुरक्षा बलले यस समूहको निर्मम दमन गऱ्यो। तत्पश्चात् अहिले पनि खाल्सा राजदलले खालिस्तानी स्वतन्त्रताको आन्दोलनलाई निरन्तरता दिइरहेको छ जस्लाई भारत बाहिर बस्ने गैरआवासीय सिखहरुले पुरै सहयोग गरिरहेका छन् ।

पछिल्लो पटक सन् २०१५ नोभेम्बरमा सिख परम्परा र सिखसँग सम्बन्धित संस्थालाई एकत्रित गर्दै स्वतन्त्र खालिस्तानको निर्माण गर्ने भन्दै खाल्सा दलले १३ बुँदे रिजोलुसन पास गर्दै विनाहतियार शान्तिपूर्ण आन्दोलनद्वारा स्वतन्त्र खालिस्तान निर्माण गर्ने घोषणा गरेको छ । भारतको केन्द्रमा अति कट्टर हिन्दुवादी दल भारतीय जनता पार्टीको सरकार रहेको यस स्थितिमा भारतमा रहेका गैरहिन्दुहरुले धमाधम स्वतन्त्र राज्यको माग गरिरहेको अवस्थामा कास्मिर र खालिस्तान भारतबाट विखण्डन भई दक्षिण एसियामा दुई नयाँ राष्ट्रहरु थपिने सम्भावना रहेको छ । यद्यपि अमेरिका तिब्बत, हङकङ, ताइवान र मकावलाई चीनबाट विखण्डन गर्ने प्रयासमा लागेको कारण भारतलाई अझै शक्तिशाली बनाउन चाहीँ सोहिबमोजिम भारतलाई आणविक शक्तिराष्ट्र बनाउने दिशामा कार्य गरिरहेको हुँदा स्थानीय बलमा मात्रै कास्मिर र खालिस्तान स्वतन्त्र हुने सम्भावना छैन । त्यसैले अमेरिकाको यो योजनालाई असफल बनाउन दक्षिण एसियामा चीनको सक्रिय उपस्थिति हुनु जरुरी छ। चीन सक्रिय हुन सकेमा कास्मिर, खालिस्तानसहित अरुणाचल प्रदेशमा सबै भारतीय राज्य नयाँ स्वतन्त्र राष्ट्रहरु बन्न सक्नेछन् र काँगडा, गढवाल, कुमाउ सिक्किम र दार्जिलिङसहितको ग्रेटर नेपाल पनि यसै क्रममा निर्माण हुने छ ।

## रोचक संसार

### सस्तो घर

इटालीको भूमध्य सागरक्षेत्र नजिक सार्डिनियास्थित ओलोलाई भन्ने सहरमा एक यूरोमा घर पाइन्छ । विश्वका कुनै पनि देशका मानिसले यहाँ घर किन्न सक्दछन् ।

ओलोलाइमा पहिले जनसंख्या धेरै थियो । तर मानिसहरु यहाँबाट बसाइ सरेर जान थाले । पछिल्ला ५० वर्षमा यहाँको जनसंख्या घटेर केवल १३ सयमा झरेको छ । मानिसहरुले बसाइँ सरेपछि यहाँका घरहरु खाली भएर भुतबंगला बनेका छन् । निकट भविष्यमै सबै मानिसले यो ठाउँ छाडेर कतै यो खण्डहर त बन्ने होइन भन्ने चिन्ताले सहरका मेयरले यहाँका घरहरु कौडीको भाउमा बेच्ने निर्णय गरेका हुन् । यहाँका २ सय यस्ता खाली घर बेचिनेछ । यहाँ विश्वका जुनसुकै ठाउँका मानिसले घर किन्न पाउँदछन्, तर एउटा शर्त भने पूरा गर्नुपर्दछ । शर्त के भने घर किनिसकेपछि घरको जिर्णोद्धार गर्नुपर्नेछ । जिर्णोद्धारको रकम पनि सरकारले तोकेको छ, झण्डै २६लाख रुपैयाँ ।

एक यूरोमा घर पाइने भनेपछि रमाइलोका लागि पनि मानिसहरुले किन्नेछन् । तर २६ लाख रुपैयाँ खर्चेर मर्मत गरेपछि मानिसहरु पैसाको लोभले पनि घरमै बस्नेछन् भन्ने तर्कका साथ मेयरले त्यस्तो निर्णय गरेका हुन् । किनकि नबस्ने घरमा त कसैले लाखौं पैसा खर्च गर्दैन । तर खुसीको कुरा के भने तत्कालै मर्मत गर्नुपर्दैन, तीन वर्ष भित्रमा घर जिर्णोद्धार गरेपुग्छ ।

समाचार अनुसार, अहिलेसम्म त्यहाँकका ३ वटा घर बिकीसकेका छन् । दुनियाँभरका धेरै मानिसले घर खरीदका लागि चासो देखाएका बताइएको छ । यसअघि सन् २०१५ मा इटालीकै सिसिलियन सहरमा यस्तै खाली घरहरु सरकारले १ यूरोमै बेचेको थियो ।

### देश बदल्ने टापु

गत फेब्रुअरी १ मा फ्रान्सले कुनै रक्तपात बिना नै आफ्नो ३ हजार वर्गमिटर जमित स्पेनलाई सुम्पियो । फ्रान्सले दिएको त्यो जमिन अबको ६ महिनापछि उसैगरी चुपचाप स्पेनले फ्रान्सलाई फर्काउनेछ । फ्रान्स र स्पेनले लेनदेन गरिरहने यो टापुको नाम हो, फेजेन्ट टापु । पछिल्लो साढे ३ सय वर्षदेखि दुई देशबीचमा यस्तो लेनदेन भैरहेको छ । हरेक वर्ष फेब्रुअरी १ देखि जुलाई ३१ सम्म उक्त टापु स्पेनको स्वामित्वमा रहन्छ भने अगष्ट १ देखि जनवरी ३१ सम्म फ्रान्सको स्वामित्वमा ।

दुई देशको साझा स्वामित्व भएको यो टापु २ सय मिटर लामो र ४० मिटर चौडा रहेको छ । यो दुबै देशको सीमा क्षेत्रबाट ५० मिटर टाढा जलक्षेत्रको बीचमा पर्दछ । यहाँ मानिसहरु बस्दैनन्। यो टापुमा दुई देशका जलसैनिक बाहेक अरुलाई जान पनि निषेध छ । तर कहिलेकाहीँ मनाइने सम्पदा खुल्ला दिवसमा यो टापुमा भ्रमण गर्नका लागि सर्वसाधारणलाई पनि अनुमति दिइन्छ । यो टापुमा धेरै शाही विवाहहरु तथा कैदी आदानप्रदान समारोहहरु पनि सम्पन्न भैसकेका छन् ।

सन् १६५९ मा फ्रान्स र स्पेनबीचको तिन वर्षे युद्ध अन्त्य भएर पाइरेनिजको सन्धी भएसँगै यो टापु साझा स्वामित्वमा परेको हो । सोही समयदेखि यहाँ ६२६ महिने सासन लागू हुँदै आएको छ । यस टापूमा उक्त सन्धीको स्मारक पनि रहेको छ ।

### सडक चोरी

सडकमा गुड्ने गाडी चोरी भएको त बरु सुनिएकै हो । तर चीनमा भने सडक नै चोरी भएको छ । पूर्वी चीनको जिनाग्सु क्षेत्रस्थित सानकेशू गाउँमा गत जनवरी २४ मा ८ सय मिटर लामो सडक चोरी भएको हो । उक्त क्षेत्रमा चोरले रातारात ८ सय मिटर लामो कंक्रिटको सडक चोरेको रिपोर्ट पुलिसमा गरिएसँगै त्यो चर्चाको विषय बनेको छ ।

स्थानीय मानिसहरुले चोरले सडक खनिरहेको पनि देखेका थिए । तर त्यो चोर भन्ने उनीहरुलाई हेक्का भएन । सडक मर्मत गर्नका लागि कामदारले सडक खनिरहेको होला भन्ने लाग्यो । तर जब पूरै सडकको पिच नै उप्काएर गायब पारियो तब मानिसहरु सडक चोरी भएको थाहा पाए र पुलिसमा उजुरी गरे । पुलिस घटनास्थलमा पुगेर छानविन सुरु गर्यो । अन्ततः सडक चोरी गर्ने झू नामका व्यक्तिलाई पक्राउ गर्न सफल भयो । झूले सडकको पिच खन्नका लागि एकजना कामदार तथा खनेको पिच उठाउनका लागि एक ट्रक समेत ल्याएका रहेछन् । सडकको पिच चोरेर ढुंगे सामाग्री बनाउने एक कारखानामा लगेर बेचेका रहेछन् ।

समाचार अनुसार झू ले गरिबीका कारण त्यस्तो गरेका रहेछन् । पक्की सडक खनेर त्यसको कंक्रिट बेच्न सकेमा राम्रो आम्दानी हुने ठानी उनले गाउँके सडक नै चोरी गरे । उनले सडकको पिच कंक्रिट कारखानामा बेचेर झण्डै ५ हजार युआन कमाई गर्न समेत सफल भए ।

सायद अहिलेसम्म यस्तो खालको चोरी दुनियामा कहिँ पनि भएको थिएन । चोरीको त्यो नौलो तरिकाका विषयमा सोसल मिडियामा अनेक खालका प्रतिक्रियाहरु आइरहेका छन् ।

### विचित्रको मन्दिर

सुनले झकिझकाउ मन्दिर । छानो देखि लिएर द्वार सबै सुनका । यो मन्दिर १५ सय भन्दा धेरै सुनले बनेको छ । दक्षिण भारतको तमिलनाडुस्थित भेल्लोर गोल्डेन टेम्पल यस्तो मन्दिर हो जहाँ १५ सय किलो भन्दा धेरै शुद्ध सुन छ । यो मन्दिर श्रीपुरम् र महालक्ष्मी स्वर्ण मन्दिरको नामले पनि चिनिन्छ । सन् २००७ मा यो मन्दिर बनाइएको हो ।

सुनले छाएको हुनाले रातको प्रकाशमा यो मन्दिर झलमल बल्दछ र निकै सुन्दर देखिन्छ । वर्षेनी लाखौं हिन्दु धर्माबलम्बी यो मन्दिरमा दर्शनका लागि आउँछन् ।

१ सय एकड भन्दा धेरै क्षेत्रफलमा फैलिएको यो मन्दिरको चारैतर्फ सुन्दर हरियाली रहेको छ । मन्दिर परिसरमा भारतका सबैजसो प्रमुख नदीको पानी लिएर सर्व तिर्थम सरोवर नामको कुण्ड बनाइएको छ । यो मन्दिरको सुरक्षामा चौबीसै घण्टा पुलिस र सुरक्षा गार्डले पहरा दिइरहेका हुन्छन् ।

### ट्वाइलेटमै बिहे

ट्वाइलेटमा त दिसा पिसाब पो गरिन्छ । तर भारतमा पनि ट्वाइलेटमै बिहे गरिएको छ । अनौठो लाग्ने यो घटना भारतको छत्तीसगढस्थित बिलासपुरको हो । समाचार अनुसार शबा नवाज नामक युवतीले १० महिना अघि नै गर्ने भनी तय भएको आफ्नो बिहे नगर्ने घोषणा गरेकी थिइन् । हुनेवाला बेहुलाको घरमा ट्वाइलेट नभएको भनी उनले हुनै लागेको बिहे नगरेपछि ठूलै चर्चा कमाएकी थिइन् । तर १० महिनापछि भने उनले तिनै बेहुलासँग बिहे गरेकी छिन्, जोसँग उनले यसअघि ट्वाइलेटको निहुँमा बिहे नगर्ने भनेकी थिइन् ।

गत वर्षको मार्च महिनामा उनले तय भएको बिहे भंग गरिन् । आफ्नो हुनेवाला लोग्नेका परिवारसँग उनले अडान राखिन् की केटाको घरमा ट्वाइलेट नभएसँग स्वयंबर हुनेवाला छैन । यदि बिहे गर्नुछ भने केटाको घरमा पहिले ट्वाइलेट बन्नु पर्दछ ।

१० महिना अघि तय भएको बिहे एकाएक बेहुलीको शर्तका कारण रोकियो । तर केटा पक्षले उनको त्यो शर्त पूरा गर्ने बाचा गर्यो । हुनेवाला बेहुलाका बुवाआमाले घरमा शौचालय बनाउनका लागि नगर निगममा आवेदन दिए । ट्वाइलेट पनि बनि छाड्यो ।

शर्त बमोजिमको ट्वाइलेट केटाको घरमा बनेको खबर शबाको परिवार सम्म पूराइयो । त्यसपछि त के चाहियो ? बिहेको तयारी सुरु भयो । गत जनवरी २१ मा शबाको बिहे भयो उनै सरफराजसँग । बिहेको सहनाई अन्त होइन त्यहीँ ट्वाइलेटमै बज्यो ।

बिहेमा नगर निगमका सरकारी अधिकारीहरुलाई पनि बोलाइएको थियो । ट्वाइलेटमै ब्याण्डबाजा बज्न थालेपछि र बेहुला बेहुलीको बिहे नै ट्वाइलेटमै भएपनि उनीहरु पनि अक्क न बक्क भए । तर पछि उनीहरुलाई पूरै घटनाक्रमबारेमा जानकारी प्राप्त भएपछि निकै खुसी भए ।

### चीनलाई बेलायती सुँगुर

चीनले ठूलो परिमाणमा बेलायती सुँगुरको विर्य खरिद गरिरहेको छ। जसका कारण बेलायतको सुँगुर बजारमा अहिले सुँगुरको विर्यको माग उच्च बनेको छ । सुँगुरको विर्य खरिद गर्नका लागि चीनले बेलायतसँग २ लाख पाउण्डको खरिद सम्झौता गरेको छ । बेक्जिटपश्चात चीन र बेलायतबीच भएको यो पहिलो आर्थिक सम्झौता हो ।

योसँगै उत्तरी आयरल्याण्डमा पालिने विशेष जातका सुँगुरको फ्रिज गरिएको विर्यलाई जहाज चढाएर ५ हजार माइल टाढा रहेको चीनमा पठाइनेछ । निर्यात गरिने विर्यलाई लिक्विड नाइट्रोजनको बट्टामा राखिएको छ । बेलायतमा व्यवसायिक तबरले ठूलो संख्यामा सुँगुरको ब्रिडिङ गरेको इतिहास छ । त्यसका लागि उच्च प्रजनन विधि विकसित गर्न सजिलो छ ।

चीनमा सुँगुरको मासुको माग उच्च भए पनि बेलायतमा जस्तो सुँगुरको उत्पादकत्व उच्च नहुँदा माग धान्न धौ धौ भएको छ। त्यसैले बढि उत्पादकत्व प्रदान गर्ने नश्लको बेलायती सुँगुरको विर्य चीनले खरीद गरेको हो । ता की यसबाट कृत्रिम गर्भाधान गराएर मासुको माग धान्न सक्नेगरी ठूलो परिमाणमा सुँगुर उत्पादन गर्न सकियोस् । उत्तरी आयरल्याण्डमा पाइने उक्त नश्लको सुँगुरलाई अन्य सुँगुरको भन्दा कम आहाराले पुग्ने र बढि भन्दा बढि बच्चा जन्माउने गर्दछ ।

### कुखुराका खुट्टा कत्रा ?

भियतनाममा पाइन्छ विशेष जातको कुखुरा पाइन्छ । यसलाई डंग टाओ नश्ल भनिन्छ। यसमा पोथी सेतो रंगको हुन्छ भने भाले विभिन्न रंगमा पाइन्छन् । जिउडाल अन्य कुखुराकै जस्तो भए पनि यो कुखुराको जिउको वजन तथा शरीरका अंगहरुको आकार चाहिँ असामान्य नै लाग्दछ । यी कुखुराको तौल न्यूनतम पनि ६ किलो हुन्छ । कुखुराको खुट्टा मान्छेकै जस्तो मोटा हुन्छन् । जिउडाल र खुट्टासमेत भिमकाय हुने भएकाले यो जातका कुखुरालाई ड्रागन कुखुरा पनि भनिन्छ ।

*अनलाइन खबरबाट*

प्रेरक

# बालकको सपना



एक गरिब परिवारका बालक सानैदेखि वैज्ञानिक बन्ने दाबी गरिरहन्थे । उनको परिवार निकै गरिब भएकाले उनीहरुले आफ्नो छोराको सहर पूरा गर्न राम्रो शिक्षादीक्षाको व्यवस्था गर्न सक्दैनथे तर बाल्यकालदेखि नै वैज्ञानिक बन्ने सपना पालेका ती बालक रहर पूरा गरिछाड्ने सुरमा थिए । यसलाई कुनै वैज्ञानिककहाँ लगेर छोडिदिन पाए यसको चाहना पूरा हुन सक्थ्यो कि ? विज्ञान पढाउने क्षमता त ममा छैन, ती बालककी आमाले एक चर्चित वैज्ञानिकको कार्यालयमा लिएर गइन् ।

वैज्ञानिकको कार्यालयमा पुगेपछि ती बालककी आमाले बालकको चाहनाबारे सम्पूर्ण विवरण वैज्ञानिक सामु बताइन् । ती महिलाको भनाइ धैर्यपूर्वक सुनिसकेपछि ती वैज्ञानिकले बालकलाई एउटा कुचो दिएर आफ्नो प्रयोगशाला सफा गर्न अह्राए । ती बालकले बडो राम्ररी त्यो प्रयोगशाला सफा गरे । कुनै कुनामा फोहोर छोडेनन् । सफाइ गरिसकेपछि सारा समान जहाँको त्यहीँ मिलाएर राखिदिए ।

वैज्ञानिकले यो सब देखेपछि भने- यो बालकमा वैज्ञानिक बन्न सक्ने सारा गुण छ । तपाईले उसलाई मेरो कार्यालयमा छोडिदिनोस् । एक दिन यो अवश्य वैज्ञानिक बन्ने छ । सफाइ र व्यवस्थाले मानिसको व्यक्तित्व विकासको क्षमता बढ्छ र त्यसैबाट उसको स्तरबारे पनि थाहा हुन्छ ।' नभन्दै ती बालक तिनै वैज्ञानिकको कार्यालयमा काम गर्दागर्दै चर्चित वैज्ञानिक बन्न सफल भए । ती बालक अरु कोही नभएर महान वैज्ञानिक थोमस अल्बा एडिसन थिए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

## मेष

घुमफिर तथा मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । अतिथिका रूपमा सत्कार पाइनेछ । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ । आँटेका काममा साथीभाइबाट सहयोग मिल्नेछ ।

## बृष

पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ । रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । व्यापारलगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ हुनेछ । विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । प्रतिस्पर्धीहरूलाई सजिलै पछि पार्न सकिनेछ । भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ ।

## मिथुन

परिस्थितिवश चिताएको काम रोकिन सक्छ । कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा व्यर्थैमा दुस्ख पाइनेछ । आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन् । स्वास्थ्य चिन्ताले सताउला । अध्ययनमा बाधा हुनेछ भने अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । लक्ष्य प्राप्त गर्न नसकिएला । नयाँ काम थाल्न समय प्रतीक्षा गर्नुहोला ।

## कर्कट

हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला । ढिलासुस्तीले हातमा आएको मौका गुम्न सक्छ । स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ । बलजफ्ती गर्दा काम बिग्रन सक्छ । नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला । नतिजा सच्याउन काम दोहोऱ्याउनुपर्ला । यात्रा गर्दा होसियारी अपनाउनु होला ।

## सिंह

नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ । मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । प्रतिस्पर्धीहरूले सहयोगका हात फैलाउनेछन् ।

## कन्या

हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले मौका गुम्न सक्छ । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । अध्ययनमा त्यति समय दिन नसकिएला । स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । विचार सम्प्रेषण गर्न केही समय पर्खनुहोला ।

## तुला

प्रयत्न गरेको काम छिटै पूरा हुनाले समय फुर्सदिलो रहनेछ । इच्छाशक्तिद्वारा महत्वाकांक्षी कार्य प्रारम्भ होला । साथ दिनेहरू बढ्नेछन् भने मान-सम्मान समेत पाइनेछ । स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । सुन्दर पहिरनमा ठाँटिएर आफूलाई आकर्षित तुल्याउन सकिनेछ । तर, आफ्ना कमजोरीको फाइदा अरूले उठाउने चेष्टा गर्नेछन् ।

## बृश्चिक

समयमा होस नपुग्नाले खर्च बढ्नेछ । ठूलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ । तर खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुःख पाइएला । परिवारजनबाट समेत टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । आफ्नै कमजोरीले विवाद निम्त्याउला । सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ ।

## धनु

लाभको अवसर मिले पनि तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान पर्ला । काम सम्पादन भए पनि तत्काल आम्दानीको आशा नराख्नुहोला । मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् । शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दुस्ख पाइनेछ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । पछि फाइदा हुने काम प्रारम्भ हुनेछ ।

## मकर

प्रतीक्षा गरिएको काम छिटै सम्पादन हुनेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । दाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । कीर्तिमानी काम गर्ने समय छ । प्रयत्न गर्दा महत्वपूर्ण वस्तु लाभ होला । सहयोगीहरूले हिम्मत दिलाउनेछन् ।

## कुम्भ

अस्वस्थताले काममा जुट्न नसकिएला । कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ । अरूका लागि बुद्धि खर्चनुपर्ला । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् । आफ्ना विषयमा अरूले दाबी गर्न सक्छन् । मेहनतको फाइदा अरूले उठाउने चेष्टा गर्ने समय भएकाले गोपनीयतामा ध्यान पुऱ्याउनुहोला ।

## मीन

आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ । चिताएको काम बिग्रनाले निराशा छाउनेछ । गोपनीयता बाहिरिनाले पनि समस्यामा परिनेछ । फजुल खर्च बढ्ने र आर्थिक क्रियाकलापमा बाधा पुग्ने देखिन्छ । बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । शुभचिन्तकहरूको साथ जुट्नाले पछि फाइदा हुने काम भने प्रारम्भ गर्न सकिनेछ ।

# ऋचाको "सुपर गोर्खे" आउँदै

गएको मंसिर २९ गतेलाई प्रदर्शन मिति तोकिएपनि प्रदर्शनमा आउन नसकेको नायिका ऋचा सिंह ठकुरी अभिनीत तथा निर्मित फिल्म 'सुपर गोर्खे' को नयाँ रिलिज डेट घोषणा गरिएको छ । अब पोस्टपोन्ड नहुने भन्दै फिल्मलाई वर्ष २०७५ बैशाख ७ गतेबाट देशव्यापी प्रदर्शनमा ल्याइने ऋचाले जानकारी दिइन् ।

उनले प्राविधिक कारणले फिल्म पूर्वनिर्धारित मितिमा प्रदर्शनमा आउन नसकेको पनि बताइन् । यस्तै, उनले अप्रिल ८ तारिखमा अष्ट्रेलियामा पनि 'सुपर गोर्खे' लाग्ने जानकारी दिएकी छन् । फिल्मलाई राज थापाले निर्देशन गरेका हुन् । अविर हाउस प्रोडक्सन प्रा.लि.को प्रस्तुती रहेको फिल्ममा ऋचा सिंहसँगै सुरज सिंह ठकुरी, निराजन लुईंटेल, भुपेन्द्र क्षेत्री, सचिन केसी, कामना भुजेल, भानुदेव विष्ट, उत्तम विष्ट, विनय दाहाल, सन्तोषी श्रेष्ठ र राज थापाको अभिनय रहेको छ ।

किरण माईकलको लेखन रहेको फिल्मलाई सौरभ लामाले खिचेका हुन् भने द्वन्द्व निर्देशन चन्द्र पन्तको छ । निर्माताको रुपमा ईश्वरी सिंह ठकुरी, रामकृष्ण र सुदिप जंग थापा रहेका छन् । विवाहपछि ऋचाको यो कमब्याक फिल्म हो ।

# "ब्लाइन्ड रक्स" ट्रेलर रिलिज

दृष्टिविहीन युवती सृष्टि केसीको जीवनमा आधारित भएर निर्माण भएको बायोपिक फिल्म 'ब्लाइन्ड रक्स' को ट्रेलर सार्वजनिक भएको छ । मंगलवार राजधानीमा एक कार्यक्रमका बीच कलाकार र निर्माण यूनिटको उपस्थितिमा सृष्टिको जीवन संघर्षको कथा बोल्ने फिल्मको ट्रेलर सार्वजनिक गरियो ।

नायिका बेनिशा हमालले पर्दामा सृष्टिको भूमिका निर्वाहा गरेकी छिन् । फिल्ममा अर्पण थापा, गौरी मल्ल, अनिल शाह, बसन्त भट्टको समेत मुख्य भूमिका छ । लन्डन प्रदर्शनपछि निकेश लिम्बु निर्मित यो फिल्म फागुन १८ गतेबाट देशव्यापी प्रदर्शनमा आउँदैछ ।

ट्रेलर रिलिज कार्यक्रममा बोल्दै नायिका बेनिशाले आफ्नो लागि 'ब्लाइन्ड रक्स' मा सृष्टिको भूमिका न्यायपूर्वक निर्वाहा गर्नु चुनौतीपूर्ण रहेको बताइन् । उनी भन्छिन्, 'मेरो तर्फबाट शतप्रतिशत दिएको छु जस्तो लाग्छ । मेरो लागि यो भूमिकाले ठूलो अर्थ बोकेको छ ।'

यस्तै, निर्देशक मिलन चाम्सले 'ब्लाइन्ड रक्स' मा बेनिशाको अभिनय हेरेपछि सबैले तारिफ गर्ने बताए । उनले भने, 'सायद हाम्रो टिम भाग्यमानी हो । बेनिशा जस्तो अभिनेत्री फिल्मले पायो ।'

एन फिल्मस क्रिएसन र चाम्स इन्टरटेनमेन्टको ब्यानरमा फिल्म निर्माण भएको हो । नवराज कृष्ण थापाको छायांकन, अर्जुन जिसीको सम्पादन रहेको फिल्मको कथा यम थापा र सुमन उप्रेतीले तयार पारेका हुन् ।

# सन्तपुर बस्ती हस्तान्तरण

बाढीको वितण्डापछि लामो समयदेखि चन्द्रपुर-८ सन्तपुरस्थित बागमती नहरको डिलमा बस्दै आएका बाढी पीडितहरुलाई धुर्मुस-सुन्तली फाउण्डेशनले निर्माण गरेको 'एकिकृत नमुना बस्ती सन्तपुर' मंगलवार एक औपचारिक कार्यक्रमका बीच हस्तान्तरण गरिएको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले बस्तीका अध्यक्ष सत्यनारायण माझीलाई साँचो हस्तान्तरण गरिन् । फाउण्डेशनले आफ्नो चौथों परियोजना अन्तर्गत ५ करोड ९९ लाखको लागतमा ४७ वटा दुई तल्ले पक्की घर, शौचालय, एउटा सामुदायिक भवन, मुसहर र पासवानको कुल देवताको २ वटा छुट्टाछुट्टै मन्दिर, एउटा विद्यालय भवन, एउटा क्लव घर, एउटा बाल उद्यान र एउटा फलामको अग्लो भ्यू टावर समेत निर्माण गरेको छ ।

अझै ७० लाख रकम अभाव भएपनि बस्ती हस्तान्तरण भएपछि बाँकी रकम उठनेमा उनी विश्वस्त रहेको बताउँछिन् । फाउण्डेशनका सल्लाहकार हरिवंश आचार्यले राम्रो काम गर्ने मान्छे सधैं जीवित रहने बताए ।

बस्ती हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख अतिथी राष्ट्रपति भण्डारीले 'धुर्मुस सुन्तली' को कामको प्रशंसा गर्दै धन्यवाद दिइन् । धुर्मुस-सुन्तली फाउण्डेशनका अध्यक्ष सिताराम कट्टेल (धुर्मुस) ले आज बस्ती हस्तान्तरण गर्ने दिन सबै नेपालीको उत्सवको दिन रहेको बताए । आफ्नो पीडा लुकाएर बस्ती बनाउने कामदारहरूलाई सबै नेपालीको घर बनाएको भन्दै उनले धन्यवाद दिए ।

# रेखा र रमित सागै फिल्ममा

करीब एक दशक अगाडिको 'हट एन्ड हिट' जोडी हो नायिका रेखा थापा र नायक रमित ढुंगाना । एक दर्जन बढी फिल्ममा एकसाथ अभिनय गरेका रेखा र रमितलाई पछिल्लो समय पर्दामा दर्शकले देख्न पाएका छैनन् । 'एक्सन होस् वा लभस्टोरी फिल्म' एकसमय यी दुई विनाका कमै फिल्म हलमा लाग्थे ।

जोडी गजबले जमिरहेकै बेला यी दुई किन खोलाको दुई किनार भए ? त्यो रहस्यमय छ । गाइँगुइँ सम्बन्ध विग्रिएको हल्ला पनि चलेको थियो । दर्शकहरु वर्षौदेखि यो जोडीको फिल्म हेर्न लालाहित छन् । तर, अनौठो त यो छ कि यी दुईको नै करीब ७ वर्षपछि भेट भएको छ ।

हाल 'शिरफूल' नामक फिल्मको छायांकनमा व्यस्त रेखालाई भेट्न आइतवार रमित सुटिङ सेटमा नै पुगेका थिए । वितरक गोपालकाजी कायस्थले रेखा र रमितलाई भेटाएका हुन् । रमितलाई एक्कासी देखेपछि रेखा आश्चर्यमा परेकी थिइन् । यी दुईले झन्डै १ घण्टा भलाकुसारी गरे र छुटिए ।

रमित र रेखाले 'देवर बाबु', 'धड्कन', 'मनमा माया', 'दुर्गा', 'सहारा', 'हामी ट्याक्सी ड्राइभर' जस्ता फिल्ममा सँगै काम गरेका छन् ।

*(एजेन्सीहरुबाट)*

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Welter = अमिल्दो मिश्रण, खिचडी, भीड Your article is a welter of unrelated facts (तिम्रो लेख असम्बन्धित तथ्यहरूको खिचडी मात्र हो)

Yore = धेरै अगाडि In days of yore, huge animal like dinosaur existed in the earth (धेरै अगाडि डाइनासोरहरू पृथ्वीमा जिउँथे)

Zephyr = मन्द पश्चिमी हावा Boating while blowing zephyr is heavenly (पश्चिमी मन्द हावा चल्दा नौका विहार गर्नु ज्यादै आनन्दमयी हुन्छ)

Abstemious = खानपीनमा धक मान्ने व्यक्ति His mother is always anxious about the abstemious habit of her son (खानपीनमा धक मान्ने छोराको स्वभाव देखेर आमा सधैं चिन्तित छिन)

Bombastic = क्लिष्ट शब्दहरूको प्रयोग गर्ने प्रवृत्ति The orator gave the speech in such a bombastic manner that no one could understand him well (वक्ताले भाषणमा यति क्लिष्ट शब्द प्रयोग गरे कि कसैले पनि उनको भाषण राम्ररी बुझ्न सकेन)

Catalyst=परिवर्तन वाहक For Development to occur, the private sector should play a role of a catalyst. (विकासलाई यथार्थमा परिणत गर्ने हो भने निजी क्षेत्रले परिवर्तन वाहकको भूमिका निर्वाह गर्नुपर्दछ)

Delineate = कोरेर, खिचेर वा वर्णन गरेर कुनै कुरा प्रस्तुत गर्नु Being a professional, he will have no difficulty to delineate successfully his plan of action (पेसागत रुपबाट दक्ष भएको हुँदा आफ्ना योजनाहरू सफलताका साथ समूहमा प्रस्तुत गर्न उसलाई कुनै कठिनाइ पर्ने छैन)

Effrontery=खुला नकच्चरोपना । सिधै लाज पचाएर व्यवहार गर्नु Everyone is tired of her blatant effronteries (सिधै लाज पचाएर गर्ने उनको व्यवहार देखेर सबै हैरान छन्)

Fawning= चाकडी गरेर आफ्नो स्वार्थ सिध्दि गर्ने As I entered I saw that the minister was surrounded by a group of fawning admirers (जुन बेला मैले प्रवेश गरेँ त्यतिखेर मन्त्री चाकडीवाजहरूको समूहद्वारा घेरिएको देखेँ)

Gouge=बढी मूल्य असुल्नु Ticket scalpers trying to gouge the public were arrested by the police (दर्शकहरूबाट बढी मूल्य असुल्न खोज्ने टिकट ब्लेकहरू प्रहरीद्वारा गिरफ्तार भए)

# सामान्य ज्ञान (नेपालमा सर्वप्रथम)

## कसलाई के भनिन्छ ?

| | |
|---|---|
| बूढा महाराज | भीमशमशेर |
| रुन्चे महाराज | पद्मशमशेर |
| फिस्टे महाराज | चन्द्रशमशेर |
| नानी युवराज | श्री ५ सुरेन्द्र |
| धनकुटे महाराज | देवशमशेर |
| अभागी राजा | जयप्रकाश मल्ल |
| बौलाहा युवराज | श्री ५ सुरेन्द्र |
| सन्काहा राजा | श्री ५ सुरेन्द्र |
| बैलाहा राजा | लक्ष्मीनरसिंह मल्ल |
| अयोग्य राजा | राजेन्द्र वीरविक्रम शाह |
| न्याय गर्ने राजा | राम शाह |
| सिमसिमे राजा | शिव सिंह मल्ल |
| सबैले खाएपछि खाने राजा | महेन्द्र मल्ल |
| सामाजिक सुधार गर्ने राजा | जयस्थिति मल्ल |
| राजनीतिज्ञ राजा | महेन्द्र |
| हालसम्म जीवित राजा | योगनरेन्द्र मल्ल |
| स्वामी महाराज | रणबहादुर शाह |
| महासामन्त उपाधि धारण गर्ने | अंशु बर्मा |
| नेपालेश्वर | श्रीनिवास मल्ल |
| नेपाल मण्डलेश्वर | यक्ष मल्ल |
| शान्तिश्री | प्रचण्डदेव |
| लिच्छवि कुलकेतु | शिवदेव प्रथम |
| नेपालका शाहजहाँ | खड्गशमशेर |
| परमभट्टारक महाराजाधिराज | काचल्ल |
| जनक | शिरध्वज |
| राष्ट्रपिता | त्रिभुवन |
| नेपालका लियोनार्दो द भिन्ची | अरनिको (बलबाहु) |
| कलाबहादुर | माथवरसिंह थापा |
| जिउँदो सिंह | अमरसिंह थापा |
| युगले मागेको नेता | जंगबहादुर राणा |
| कालु पाँडे | वंशीधर पाँडे |

# फरक थाहा पाउनुहोस्

**Redundancy** बारे थाहपाई राख्नुहोस

Redundancy भनेको आवश्यकै नपर्ने शब्द वा वाक्य प्रयोग गर्नुलाई बुझाउँछ । जस्तो Repeat अर्थ दोहाऱ्याउनु वा to say again भन्ने हुन्छ । तसर्थ कि Repeat भनेर प्रयोग गर्नुपर्‍यो कि त say again भनी प्रयोग गर्नु पर्‍यो तर कसैले repeat again भनी प्रयोग गर्‍यो भने अंग्रेजी ब्याकरण अनुसार गल्ती हुन जान्छ जसलाई Redundancy भनिन्छ । तसर्थ यस्तै अरु Redundancy हरु जानी राख्नुहोस् ।

कि त Few कि त Negligible in number तर Few in number कहिलै नभन्नुस् ।

कि त Entirely out rooted कि त Eliminated तर Entirely eliminated कहिलै नभन्नुस ।

कि त Final Outcomes कि त End outcomes तर Final end outcomes कहिलै नभन्नुस ।

कि त First doers कि त Beginners तर First beginners कहिलै नभन्नुस ।

कि त Four cornered कि त Square तर Four cornered square कहिलै नभन्नुस ।

कि त Very important कि त Essential तर Important essential कहिलै नभन्नुस ।

कि त Every individual कि त Every person तर Every individual person कहिलै नभन्नुस ।

कि त Bring together कि त Join भन्नुस तर Join together कहिलै नभन्नुस ।


## सुडोकु-अंक ८९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | ८ | | | | ३ | | |
| ४ | १ | | | | २ | | ६ | ५ |
| | | ३ | | | | २ | | |
| | ६ | | | ९ | | | | १ |
| | | | २ | ३ | ८ | | | |
| २ | | | | ४ | | | ७ | |
| | | ६ | | | | ७ | | |
| १ | ४ | | ५ | | | | ९ | ३ |
| | ५ | | | | ४ | | ८ | |

## अंक ८८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | ३ | ८ | २ | ७ | ४ | ६ | ९ |
| ७ | २ | ६ | ९ | ५ | ४ | ३ | ८ | १ |
| ४ | ८ | ९ | १ | ६ | ३ | ५ | २ | ७ |
| ५ | ७ | ४ | ६ | ३ | ९ | ८ | १ | २ |
| ९ | ३ | १ | ५ | ८ | २ | ७ | ४ | ६ |
| ८ | ६ | २ | ४ | ७ | १ | ९ | ५ | ३ |
| ६ | ४ | ७ | २ | ९ | ८ | १ | ३ | ५ |
| ३ | १ | ५ | ७ | ४ | ६ | २ | ९ | ८ |
| २ | ९ | ८ | ३ | १ | ५ | ६ | ७ | ४ |


# बाल विकास समाज परियोजना अनुगमनमा



श्री ज्ञानोदय आधारभूत विद्यालयमा खानेपानी तथा शौचालय हुने स्थल



शौचालय र खानेपानीको लागि सामग्रीको अवलोकन गर्दै संस्थाका कोषाध्यक्ष सुरेन्द्र ढकाल



निर्माणधीन शौचालयको भवन



डिजाइन नक्सा अनुसार निर्माण स्थलको बारेमा जानकारी लिँदै Borouge Pte Ltd का Regional Director, Gyanendra Shukla



खानेपानीको लागि तयारी गरिएको १०,००० लिटरको ट्याँकी



निर्माण स्थलको नापजाँच पछि व्याख्या गर्दै इन्जिनियर प्रविन देवकोटा खानेपानी मुहानको अवलोकनका क्रममा अन्तरक्रिया गर्दै विद्यालय र अवलोकन टोली

## परियोजना स्थलगत अनुगमन

बाल विकास समाजले Borouge Pet Ltd. को आर्थिक सहयोगमा पाँचखाल नगरपालिका वडा नं. २ अनैकोट (ज्यामिरकोट) मा रहेको श्री ज्ञानोदय आधारभूत विद्यालयमा व्यवस्थित रुपमा शौचालय निर्माण र खानेपानी आपूर्तिका लागि School Toilet Construction and Water Supply Project संचालन गरिरहेको छ। १३४ जना विद्यार्थी रहेको उक्त विद्यालयमा आधुनिक र व्यवस्थित शौचालय निर्माण भइरहेको छ । जसमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था रहेको छ भने अपाङ्ग तथा असक्त विद्यार्थीहरुका लागि छुट्टै व्यवस्था सहितको शौचालय बनिरहेको छ। त्यसै गरी बालबालिकामैत्री संरचना निर्माण गरी शौचालय र शौचालय बाहिर खानेपानीको व्यवस्था गरिने भएको छ।

शुद्ध खानेपानीबाट विद्यालयका बालबालिका र उक्त ज्यामिरकोट समुदायमा रहेका २३ घरधुरीका करिब १२० जना व्यक्तिहरु लाभान्वित हुने भएका छन्। उक्त मुलको पानी पिउनका लागि उपयुक्त छ वा छैन भनी परिक्षण गर्दा पिउनलाई उपयुक्त भएको कुरा धुलिखेल खानेपानी कार्यालयले प्रमाणित गरिसकेको छ । खानेपानीको लागि गाउँको पुछारमा रहेको मुलबाट १०,००० लिटरको ट्यांकीमा जम्मा गरी मोटरको सहायताले करिब ३०० मिटर माथि लिफ्टिङ्ग गरिनेछ। ३०० मिटर माथि अर्को १०,००० लिटरको ट्यांकीमा पुनः जम्मा गरी विद्यालय र नजिकको गाउँका २३ घरपरिवारमा वितरण गरिने योजना रहेको छ । उक्त ट्यांकीबाट विद्यालयमा रहेको शौचालय र खानेपानीको धारामा नियमित पानी वितरण हुने र गाउँमा ४ वटा पाइप लाइनबाट पानी वितरण गरिनेछ।

श्री ज्ञानोदय आधारभूत विद्यालयमा व्यवस्थित रुपमा शौचालय निर्माण र खानेपानी आपूर्तिका लागि संचालन भइरहेको निर्माण कार्यको प्रत्यक्ष अनुगमन तथा मूल्यांकनको लागि फिल्ड भ्रमणको कार्यक्रम यही माघ १८ गतेका दिनमा सम्पन्न भएको छ । अनुगमन तथा मूल्यांकनका लागि विकास समाजको कोषाध्यक्ष सुरेन्द्र ढकाल, सिनियर प्रशासन तथा वित्तीय व्यवस्थापक रामशरण रिमाल, कार्यक्रम व्यवस्थापक प्रदिपकुमार श्रेष्ठ, अनुगमन मूल्यांकन तथा अभिलेख अधिकृत लक्ष्मी खत्री, Borouge Pet Ltd. का टिमबाट ज्ञानेन्द्र शुक्ल, अनिल कृष्ण र किरण रघुबंशी, इन्जिनियरको टोलीबाट ई. प्रविन देवकोटा, ई. कपिलदेव भट्ट (पाँचखाल नगरपालिका)बाट प्रत्यक्ष अवलोकन भ्रमण गर्ने कार्य सम्पन्न भएको छ।

उक्त भ्रमणका क्रममा विद्यालयमा निर्माण भइरहेको शौचालय भवन र खानेपानीको लागि बन्दै गरेको संरचना तथा तयारीको स्थलको इन्जिनियरहरुबाट पुनः नापजाँच समेत गरिएको थियो । सो कार्यको विवरण Borouge Pet Ltd का प्रतिनिधीलाई इन्जिनियर प्रविन देवकोटाले व्याख्या गर्नुभएको थियो। हालसम्म भइरहेको कार्य प्रगति र कार्य प्रक्रिया, सामग्रीको व्यवस्था तथा प्रयोगको बारेका कार्यक्रम व्यवस्थापक प्रदिपकुमार श्रेष्ठ र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा निर्माण समितिको संयोजक गणेश सिलवालले बताउनु भयो । शौचालय र खानेपानीका लागि बन्ने संरचना मजबुद र कार्य प्रभावकारी हुनुपर्ने तथा भावी दिनमा नियमित रुपमा सुचारु हुन सक्ने वातावरण बनाउनका लागि Borouge Pet Ltd. का Regional Director ज्ञानेन्द्र शुक्लले जोड दिनुभएको थियो । साथै उहाँले निर्माण कार्यको प्रगति भइरहेको र हालसम्मको कार्य प्रभावकारी रहेको पाइएको कुरा बताउनु भएको थियो। अवलोकन तथा मूल्यांकन टोलीबाट किरण रघुवंशीले गुणस्तरीय सामानको प्रयोगका लागि आफ्ना विचार राख्नु भएको थियो।

यस परियोजना र यहाँ बन्दै गरेको शौचालय र खानेपानीको व्यवस्थाले गर्दा विद्यालय, विद्यार्थी र गाउँले सबैजना खुसी भएको कुरा विद्यालयका प्रधानाध्यापक मेघनाथ अधिकारीले बताउनु भयो । कार्यक्रममा विद्यालयका शिक्षकहरु, विद्यालय व्यवस्थापन समिति, अभिभावक र अन्य सरोकारवालाहरुको उल्लेख्य सहभागिता रहेको थियो।

**प्रस्तुतीः प्रदिपकुमार श्रेष्ठ**

Load-shedding No Problem

Solar-hybrid inverts are now available with heavy discount

Upto 15KVA

With 24 months Warranty

Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.

B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,


दाँते सोसाइटी नेपाल

नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।

फोन : ९८५१०२३६७०, ४४४१८१२



परियोजना स्थलको अवलोकन गर्दै Borouge टिम र बाल विकास समाजका प्रतिनिधीहरू




परियोजनाको बारेमा जानकारी राखिएको ब्यानर

## दृश्य...

सुदृढ बनेको भए १८ सय किलोमिटरको अव्यवस्थित नेपाल-भारत खुला सिमानामा रहेका सयकडौं सीमास्तम्भहरु हराउने थिएनन् । लाखौं विघा जग्गा भारतले मिच्ने थिएन । नेपालीहरुले रातारात आफ्नै आँगनमा विदेशी हुनुपर्ने थिएन । नेपालस्थित भारतीय राजदूतले प्रधानमन्त्रीलगायत उच्चपदस्थ नेताहरुका ओछ्यानमै पुगेर निर्देशन पनि दिने थिएनन् । विदेशीलाई रिझाएर र देशवासीलाई कज्याएर शासन गर्ने परम्परा बसेकाले नेपाली राजनीतिमा विदेशी हस्तक्षेप दिन दुई गुना रात चौगुना बढ्दै गएको हो ।

नेपाल र भारतबीचको खुला सिमाना व्यवस्थित गर्नुपर्ने सुझाव दिँदै सन् १९८० को दशकमा भूगोलविद् डा. हर्क गुरुङले तयार पारेको प्रतिवेदन राजनीतिक र कूटनीतिक षडयन्त्रको शिकार बन्न पुग्यो । उनले नेपाल भारत सिमानालाई व्यवस्थित गर्न दुई देशका जनतालाई सजिलो हुने गरेर सिमान्त क्षेत्रका जनताका लागि परिचयपत्र र बाँकीलाई राहदानीको व्यवस्था गर्न सुझाव दिएका थिए । हर्क गुरुङको सो प्रतिवेदन सार्वजनिक हुने बित्तिकै नेपालका भारतपरस्त नेता र वुद्धिजीवीहरुले त्यसको सशक्त विरोध गरे । भारतीयहरुको इशारामा गजेन्द्र नारायण सिंहले नेपाल सद्भावना परिषद् नामक गैरसरकारी संस्था खोलेर तराईका बासिन्दालाई उकास्न थाले । विभिन्न चिरामा रहेर राजनीतिक दल बन्न पुगेको सद्भावना पार्टीको मातृसंस्था सोही सद्भावना परिषद् थियो । सिमान्त क्षेत्रका जनतालाई खुला सिमानाले फाइदा र वेफाइदा दुबै गराएको छ । बढ्दो जनसंख्या र अपराधले गर्दा त्यहाँका जनता पीडित छन् । तर राजनीतिक स्वार्थका लागि केही सीमित व्यक्तिहरुले खुला सिमानाको वकालत गरिरहेको देखिन्छ ।

खुला सिमानाको विवाद नेपाल र भारतबीच मात्र छैन । भारतले चीन, पाकिस्तान र वंगलादेशसँग सिमानाको किचलो उठाइरहेको छ भने संसारका धेरै देशमा सीमा विवाद देखिन्छ । चीन र भारतबीच सन् १९६२ मा भएको लडाई सीमा विवादकै कारण भएको थियो । वंगलादेशसँग सीमा जोडिएको भारतको पश्चिम वंगाल राज्यमा पर्ने २४ पर्गन्ना जिल्लामा साढे ६ किलोमिटर क्षेत्रफलको विवादले त्यहाँ भारत र वंगलादेशका सेनाबीच गोली हानाहान नै भएको थियो । इच्छामति नदीको छेउमा भएको सो घटनाले उग्रविवादको रुप लिएपछि दुई देशका अधिकारीहरुले सो समस्याबारे छलफल गरेका थिए ।

कम्वोडिया र भियतनाम, प्यालेस्टिनी र इजरायल, इथियोपिया र इरिट्रिया, फ्रान्स र म्याडागास्कर, क्यामरुन र नाइजेरिया, अल्जेरिया र मोरक्को, इजिप्ट र सुडान, स्वाजिल्याण्ड र दक्षिण अफ्रिका, बुरुण्डी र रुवाण्डा, स्पेन र पोर्चुगल, होण्डुरस र एलसाल्भाडोर, क्युवा र अमेरिका, व्राजिल र पाराग्वे, क्यानडा र डेनमार्क, बोलिभिया र ब्राजिल, चिलि र पेरु, कोलम्विया र निगारागुवा, अमेरिका र हाइटी, इरान र संयुक्त अरव इमिरेट्स तथा लेवनान र सिरियाबीचको सीमा विवादले विश्वका सञ्चारमाध्यमहरुमा पटकपटक स्थान पाउने गरेको हामीले सुन्दै र देख्दै आएको कुरा हो ।

दक्षिण एसियाको राजनीतिमा भारतले आफ्नो प्रभाव बढाउन खोजेको सबैले देखेका छन् । दक्षिण एसियामा चीनको चासो बढ्दै गएपछि अमेरिका र भारतबीच आणविक सम्झौता भयो । चीनको प्रभाव रोक्नलाई अमेरिकाले खेलेको यो कूटनीतिक चाल भारत बाहेकका अन्य राष्ट्रहरुले नबुझ्ने कुरा थिएन । सन् १९४७ मा बेलायतको उपनिवेशबाट मुक्त भएको भारतले दक्षिण एसियाले आफ्नो प्रभाव क्षेत्र बनाउन चाहेको कुरा भारतीय नेताहरुको वचन र कर्मबाट मुखरित हुँदै आएको छ । 'द डिस्कभरी अफ इन्डिया' नामक ग्रन्थमा पण्डित जवाहरलाल नेहरुले दक्षिण एसिया भारतकै वरिपरी घुम्नुपर्ने तर्क गरेका छन् । सन् १९४७ देखि १९६४ सम्म भारतको प्रधानमन्त्री भएका नेहरुले नेपाललाई भारतीय राज्यहरुसरह सोच्ने गरेपनि चीनसँग नेपालको सिमाना जोडिएका कारण यसको अस्तित्वसँग खेलवाड गर्ने दुस्साहस गरेनन् । तर, उनकी छोरी इन्दिरा गान्धीले दक्षिण एसियाका सवै राष्ट्रहरुलाई कमजोर बनाउने रणनीति लिएकी थिइन् । सन् १९७० को ३० नोभेम्वरमा भारतमा आयोजित एउटा सार्वजनिक समारोहमा इन्दिराले भारतले पाकिस्तानको अस्तित्व नस्वीकार्ने बताइन् । सन् १९७१ को डिसेम्वरमा पूर्वी पाकिस्तानलाई टुक्र्याएर भारतकै प्रयत्नमा बंगलादेश नामक नयाँ राष्ट्रको जन्म भयो । सन् १९९१ मा कलकत्ताबाट प्रकाशित आनन्द बजार नामक पत्रिकामा बंगलादेशलाई पनि भारतमा विलय गराउनु पर्ने तर्क गर्दै एकजना भारतीय अधिकारीले दक्षिण एसियालाई भारतको छत्रछहारीमा राख्नुपर्ने बताएका थिए । बंगलादेशका लेखक एस.वी. मुन्सिले आफ्नो प्रसिद्ध 'द इण्डिया डक्टरिन' ग्रन्थमा अखण्ड भारत स्थापना गर्ने प्रयासमा आज पनि भारतीय शासकहरु केन्द्रित रहेको विश्लेषण गर्दै सन् १९७५ मा भएको सिक्किम विलय, वंगलादेशको जन्म र नेपालमा माओवादीको विद्रोह भारतीयहरुकै डिजाइन अनुसार भएको बताएका छन् ।

## भारतले...

सरकारले माल्दिभ्सका प्रधान न्यायाधीश अब्दुल्ला सइदलाई उनको निवासबाटै पक्राउ गरी हिरासतमा राखेको छ भने पूर्व राष्ट्रपति मौमुन अब्दुल गैयुमलाई पनि पक्राउ गरिएको छ । माल्दिभ्सको सर्वोच्च अदालतले गत बिहीबारको फैसलामा यहाँको जेलमा रहेका सबै राजनीतिक बन्दीलाई रिहा गर्ने आदेश दिएको थियो । उक्त फैसलाको कार्यान्वयन गर्दा पूर्व राष्ट्रपति मो.नासिद र पूर्व उपराष्ट्रपति अहमद आदिबलाई रिहा गर्नुपर्ने हुन्छ । सरकार उनीहरुलाई रिहा गर्ने पक्षमा रहेको छैन । राष्ट्रपति अब्दुल्ला यामिनले सर्वोच्च अदालतको फैसला कार्यान्वयन नगर्न प्रहरीलाई निर्देशन दिँदै प्रधानन्यायाधीशलाई उल्टै पक्राउ गर्ने आदेश दिएको थियो । यसैबीच माल्दिभ्समा राजनीतिक संकट गहिरिएपछि भारतले सेना पठाउने तयारी गरेको छ । माल्दिभ्समा जस्तोसुकै घटनाक्रमका लागि सेना जान तयार रहेको र कुनै पनि बेला परिचालित हुन सक्ने भारतीय सेनाका प्रवक्ताले बताएका थिए । उता चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता चेङ सुहाङले बुधबार एक वक्तव्य जारी गर्दै अन्तर्राष्ट्रिय समुदायले जटिलता थप्नुको साटो माल्दिभ्सको सम्प्रभूताको सम्मान गर्नुपर्ने बताएका छन् ।

## रचनात्मक...

भारतले नेपालको जलस्रोत कब्जा गर्ने नीति लिएको भन्दै मैनालीले हाम्रा आयोजना हामी आफैंले निर्माण गर्नुपर्छ ४० हजार मेघावाट बिजुली उत्पादन भए पनि नेपालमै खपत हुन्छ भन्नुभयो । भारतले नेपाललाई प्ले ग्राउन्ड बनाउँदै लगेर कब्जा गर्ने नीति अन्तर्गत इन्दिरा गान्धीकै पालामा तराई टुक्र्याउने ग्रान्ड डिजाइन तयार भएको भन्दै उहाँले एक मधेस एक प्रदेशका आन्दोलन, आत्मनिर्णयको अधिकार, खुकुलो नागरिकता, नाकाबन्दी, संविधान संशोधन जस्ता कुरा यसैको सेरोफेरोमा आएका भन्दै अहिले पनि भारत नेपाल टुक्र्याउने नीतिमा नै रहेको बताउनुभयो ।

मधेस केन्द्रित दलहरुले पहिचानको माग गर्दा नेकपा मालेले सबै जातजाति छुट्याएर संविधानमै पहिचान उल्लेख गरौं भन्दा एमालेले विरोध मात्र गर्ने निकास नदिने गरेकाले केपी ओलीको यस्तो नीतिले भारतकै पक्षपोषण गरेको र सिके राउतजस्ता तत्वलाई तालिम दिन थालेको उहाँले बताउनुभयो । भारत र अमेरिका मिलेर नेपालको भूमि प्रयोग गर्दै चीनमा अस्थिरता पैदा गर्ने नीतिलाई सार्थक बनाउन भारत तराईमा खुट्टा टेक्ने वातावरण खोजिरहेको भन्दै राष्ट्रवादी देशभक्त नेपाली जनता यसतर्फ सचेत बन्नैपर्छ उहाँले भन्नुभयो ।

नेपालको परिवर्तनको जहाजलाई वाम गठबन्धनले कुनै पनि बेला घोप्टेभीरमा ठोकाउने हुनाले त्यस्तो बेलामा देश बचाउन ठूलो शक्ति निर्माण गर्न जरुरी रहेको भन्दै महासचिव मैनालीले प्रगतिशील लोकतान्त्रिक कार्यक्रम लिएर पाँच जनकार्यमा सहभागी भई समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको पक्षमा लाग्न सबैमा आग्रह गर्नुभयो । महँगी, बेरोजगारी, भ्रष्टाचार, पर्यावरण विनाश र परनिर्भरताको पराकाष्ठविरुद्ध संघर्षको खाँचो रहेकोतर्फ औंल्याउँदै मैनालीले अब हुने चौथो क्रान्तिको लक्ष्य नयाँ जनवाद नै हो भन्नुभयो । वेल्वासेले निर्वाचनको समीक्षा गर्दै पार्टीले गर्नुपर्ने तत्कालिक कार्यबारे प्रशिक्षण दिनुभएको थियो । पोलिटब्युरो सदस्य दिनानाथ घिमिरेले संघीय संरचनामा पार्टी कमिटीको सञ्चालन, संगठन तथा संघर्षको योजनाबारे प्रशिक्षण दिनुभएको थियो । पोलिटब्युरो सदस्य जनक चालिसेले पार्टीको प्रचार कार्य र अर्का पोलिटब्युरो सदस्य कृष्ण रानाले कमिटी सञ्चालन विधिबारे प्रशिक्षण दिनुभयो । पार्टी कोष वृद्धिबारे पोलिटब्युरो सदस्य सुरेन्द्र ढकालले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रमको सभापतित्व महासचिव सीपी मैनालीले गर्नुभएको थियो भने कृष्ण रानाले अत्यन्तै रोचक ढंगले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । सहभागीहरुले विभिन्न विषयमा राखेका प्रश्नको जवाफ विषयगत प्रशिक्षण दिने नेताहरुले दिनुभएको थियो । प्रशिक्षणका सहभागीले कार्यक्रमले पार्टीमा नयाँ ऊर्जा सञ्चार गरेको प्रतिक्रिया व्यक्त गरेका छन् ।

*(सहभागिका प्रतिक्रियाहरु ४ पेजमा)*

## जनकपुरमा...

पार्टीको पुत्ला बनाएर जलाएका हुन् । माघ २१ गते जनकपुरमा भएको प्रदेशसभा २ को बैठकमा फोरम र राजपाका सांसदहरुले हिन्दी भाषामा सम्बोधन गरेका थिए । स्थानीय युवाहरुले मैथिली, भोजपुरी र अन्य मातृभाषालाई वेवास्ता गर्दै हिन्दी भाषामा सम्बोधन गरेपछि पार्टीहरुको पुत्ला जलाएका थिए ।

नियात्रा

# बेलायतको सेरोफेरो-१२

**खोमदत्त बराल**



हेस्टिङ्गको वसाई । विहानै उठेर दयाजीका घरमा गइयो । विजयजीले किनेको घरमा दुई जना बुढाबुढी मात्र वास वसियो । विहानै उमाजीले औषधि आनु पर्छ । तल भान्सामा गएर चिया पकाइवारि ल्याइन । उनले औषधि खान विस्कुट पनि खानु पर्छ । खालि पेटमा औषधि खाएमा गायस भरिन्छ रे । उमाजीले दवाई खाइन । विस्कुट त मैले पनि खाए । काठमाण्डौमा मेरो चाहि विहान चिया खाने चलन थिएन । चिसो पानीमा अलि कति सिलाजीत लाएर पानी खाने वानि हालमा स्थगित भएको छ । चिया र विस्कुटले पेट भित्र अलि असजिलो माने जस्तो छ । अप्ठेरो पार्नु त नपर्ने । तर ग्यास विकाश भए जस्ती भयो । दहाल उमाजीले गाडीलाइ हाक्दै सि. वीच पुऱ्याउनु भयो । पानी कै छेउमा पुगेर फोटो पनि खिचियो । पानी पर्न लाग्यो । गाडीमा चढ्यौ । अलि पर पुगेपछि इटालियन नास्ताका लागि एउटा रेष्टुरेन्टमा पसियो । दहालजीबाट खानको निर्क्यौल भयो । दुवै जना उमाजीहरुले पास्ता खाए । पास्ता भनेको नूडल्स नै रहेछ । दहालले सिफुड मुक्त नुडल्स रवराल उमाजीले चिकन मिसावटको नूडल्समा रुचि जनाए हामी दयाजी र मैले भेडिटेबल रोल जस्तै क्रिम मिसावट नास्ता खाइयो । यताको प्रचलित रेष्टुरेण्टमा पस्नासाथ चिसोको खेलो हुँदो रहेछ । कोक त खानै पऱ्यो । नास्ताको भत्करु कोकलाई बनाइयो । खाजा भनेको निकै गह्रगो खानको रुपमा हैसियत जमायो । रेष्टुरेण्टमा बसुञ्जेल निकै ठूलो पानी पऱ्यो गाडीमा बसुञ्जेल पानीले आफ्नो रफ्तार रोकेको थिएन । तर विस्तारै यात्रा बढ्दै गयो । पानी पनि आफूलाई सुस्त पायो । घरमा आएर गक्किदै थियौ । बेलायतबाट छोरी र असिमबाबु मेक्सिम टेसनमा आएर फोन गरे । दयाजी र हामी गएर बारियर स्क्यवायर ट्रेन्ट टेसनबाट लिएर दयाजीको घरमा आयौ । एकछिन बसे पछि दहाल उमाजीले केटाकेटीलाई चाउमिन खुवाउनु भयो । यति बेला पानीले केटाकेटीको हितमा आफूलाई अनुपस्थित राख्ने निर्णय गरेको रहेछ । पानी पूरापूर अनुपस्थित रह्यो । यहाँका ज्यालादारी खेतालाहरले आफ्ना काममा अनुपस्थित रहे झैं पानीले पनि अनुपस्थिति जनायो । बाहिर निस्कियौ । दयाजीले सिवीचतिरको बाटोमा अगुवाई गर्नु भयो । हुन त त्यो क्षेत्र विजयजीले नै पहिलो दिनमा नै घुमाइ सकेको थियो । पछि पनि घुम्न गईसकिएको थियो । यस एरियामा आफू मर्ने तीन पटक गइ सकिएको थियो । असिम र छोरी भने एक पटक मात्र घुम्न पाए । तर उनीहरुको हेर्ने घुम्ने र फोटो खिच्ने रहर मात्र पूरा भयो । धेरै घुम्न भने पाएनन् । बेलुका पाँच बज्न लाग्यो । बेलायत फिर्ने बेला नजिकिदै थियो । घरतर्फ फुर्कने सहमति बन्यो । विस्तारै फोटो खिच्दै अघि बढ्दै थियो । कसो कसो बाटो काट्दा नेपाली पारा गरिएछ । एउटी कुइरे आइमाइले हाँकेको गाडी आइपुग्यो । केही उसलार्य बाधा पुगे छ । रिसाएर भुतभुताउँदै अघि बढी । हामी पनि मनमा लाजको भारी बोकेर द्रविभूत हुन पऱ्यो ।

*(क्रमश:)*

# कृषिमा बढ्दो परनिर्भरता

■ **उपेन्द्र झा**

नेपाल कृषि प्रधान देश हो । नेपाली अर्थतन्त्रको मुख्य स्रोत कृषि हो । कृषि राष्ट्रिय अर्थतन्त्रको ३८.५ प्रतिशत भाग ओगटेको छ (एमओएसी, २००६) । करीब ६५.५ प्रतिशत जनता कृषिमा निर्भर छन र यसले नेपालको ८१ प्रतिशत जनतालाई रोजगारी पनि प्रदान गरेको छ (सिबीएस, २००२) । जनजीविकाको आधार भूमि नै रहेकोले अधिकाँश जनसंख्या कृषिकार्य गरेर जीवन पाल्दछन् । २००७ साल अघि र पछि भूमि कृषिभन्दा सम्पत्ति कै रूपमा प्रयोग भएको देखिन्छ । जग्गावाल र जमीन जोत्नेको द्वैध स्वामित्वमा कृषिकार्य भई रहेको चलनमा केही सुधार गर्ने प्रयास २००७ पछि देखिएको हो । सामन्ती अधिनायकवादी भू-स्वामित्वमा रहेको परम्परागत कृषिले न किसानको जीवनमा सुधार ल्यायो न सरकार यसवाट लाभान्वित हुन सक्यो । कृषिलाई फायदामुखी बनाउने उद्देश्यले कतिपय प्रयासहरू गरिएपनि कार्यान्वयनको पक्ष कमजोर भएका कारण कृषि यथास्थितिमै रहन् बाध्य भयो ।

नेपालको कूल जमीन १,४७,१८,१०० हेक्टर छ । यस मध्ये खेती भएको ३०,९०,७८० हेक्टर (२१ प्रतिशत), खेतीयोग्य तर खेती नभएको १०,३०,३९० हेक्टर (७ प्रतिशत), वन ४२,६८,२०० हेक्टर (२९ प्रतिशत), झाडी १५,६०,११० हेक्टर (१०.६ प्रतिशत), चरन १७,६६,१६० हेक्टर (१२ प्रतिशत), पानी ३,८२,६६० हेक्टर (२.६ प्रतिशत) र अन्य हिउँ/चट्टान २६,१९,८०० हेक्टर (१७.८ प्रतिशत)-स्रोतः डेभेलपमेन्ट प्रोफाईल अफ नेपाल, २००८ ।

२००७ साल अघि भूमिमा कायम रैकरप्रथा, जागिरप्रथा, राज्य रकमप्रथा, विर्ता, किपट, जमीन्दारी, गुठी, उखडा भूमि व्यवस्थामा कृषिको दयनीय अवस्था रहेकोले यसलाई व्यवस्थित गर्न रैकर र गुठीबाहेक सबै प्रथा सरकारले खारेज गऱ्यो । रैकरमा ५०%, विर्तामा ३६%, गुठीमा २%, किपटमा ४% भूमि प्रयोगमा रहेको थियो । सरकारको जागिरेलाई तलबबापत भूमिको प्रयोग गर्न दिईएको, एकीकरणपछिको राजा रजौटालाई भूमिको आम्दानी खान दिईएको प्रथा २००९ सालमा अन्त गरियो भने विर्ता, उखडा जग्गा र किपटप्रथालाई क्रमशः २०१६, २०२१ र २०२३ सालमा अन्त्य गरेको देखिन्छ । २००७ सालको ऐतिहासिक परिवर्तन पछि भूमिलाई व्यवस्थित गर्न २००८ देखि २०२१ सम्म ११ बटा भूमि ऐन ल्याईयो । राजा महेन्द्रद्वारा ल्याईएको भूमि सम्बन्धी ऐन, २०२१ उल्लेखनीय कदम थियो । भूमि सुधार ऐन पहिलो वर्ष १६ जिल्लामा, दोश्रो वर्ष २५ जिल्लामा र तेश्रो वर्ष ३४ जिल्लामा लागू भयो । द्वैध स्वामित्वको अन्त र भूमिलाई कृषिमुखी बनाउन गरिएका यी सुधारहरू उल्लेखनीय भएपनि जमीनमा सामन्ती वर्चस्व अझसम्म जरा गाडेर बसेको थियो । सुधारका अपेक्षा पूरा हुन अझ धेरै समय कुर्नु पर्ने अवस्था थियो ।

भूमि सम्बन्धि ऐन, २०२१ ले तोकिएको जग्गाको हदबन्दी अनुसार तराईमा २५ बीघा, काठमाण्डौं उपत्यकामा ५० रोपनी तथा अन्य पहाडी क्षेत्रमा ८० रोपनी मात्र राख्न पाउने व्यवस्था गऱ्यो । २०५८ साल श्रावण ३२ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले भूमि सम्बन्धी ऐन २०२१ मा पाँचौं संशोधन गरि हदबन्दीको नयाँ व्यवस्थाको घोषणा गऱ्यो । सो अनुसार तराई र भित्री मधेशमा १० बीघा, काठमाण्डौं उपत्यकामा २५ रोपनी तथा पहाडी भागमा ७० रोपनी, मोहीको हकमा तराईमा ४ बीघा, उपत्यकामा १० रोपनी तथा पहाडी क्षेत्रमा २० रोपनी राख्न, जोत्न पाउने अधिकार सुरक्षित गरियो ।

भू-स्वामित्व ठुल्ठूला सामन्तहरूको नाममा रहेकोले ऐनलाई निस्तेज पार्ने अनेक प्रयासहरू भएका छन् । राजा महेन्द्रले ल्याएको भूमि सम्बन्धी ऐन, २०२१ ले सामन्तहरूको भूमिमा जोत्नेको हक सुरक्षित गरि दिएका कारण सामन्तहरू रूष्ट भई राजाको विरोधमा नेपाली काँग्रेसको झण्डामुनि गोलबन्द हुन पुगे । आफ्नो जग्गाको सुरक्षणमा सतत् तल्लीन यी जग्गावालहरू द्वैध स्वामित्वको विरोधमा लागि नै रहे । त्यसैले नेपाली काँग्रेसको सरकारले भूमि सम्बन्धी (विर्ता उन्मूलनबाहेक) कुनै ठोस नीति ल्याउन सकेन । २०५३ सालमा भूमि सम्बन्धी ऐन, २०२१ लाई चौथो संशोधन गरि मोहीयानी हकको रूपमा आधी जग्गा मोहीको नाममा दर्ता गरि जग्गाबाट द्वैध स्वामित्वको अन्त गर्ने ऐन आएपछि सोही ऐनलाई टेकेर जग्गावालहरूले एकवर्ष कूत नदिने मोहीलाई सोझै खारेज गरि दिने कानून बनाएर लाखौं मोहीहरूलाई जग्गाबाट बेदखल गरेको सरकारी निकायहरू उदाहरण बनेका छन् ।

सामन्ती कृषि व्यवस्थामा जोतहा किसानमा हली, बेठबेगार, कमैया आदिको चलन शुरू भएको थियो । जोतहाको जीवनस्तर ज्यादै दयनीय भएकोले कृषि पनि कमजोर अवस्थामा थियो । जमीनको अधिकाँश उब्जनी जग्गावाललाई बुझाउनु पर्ने हुँदा जोतहा जग्गावालको पुस्तौं ऋणी हुनु पर्ने अवस्था थियो । कालान्तरमा भूमिमा भएका सुधारहरूले जोतहाको अनावश्यक श्रम शोषण त बन्द गऱ्यो तर ६७ वर्षको लामो अन्तरालमा न जोतहामा अपेक्षित सुधार भयो न कृषि उत्पादनमा । भू-स्वामित्वमा सामन्ती प्रभाव अझ कायम रहेकोले कृषिले अपेक्षित सफलता पाउन सकि रहेको छैन । नेपालको राजनीतिमा सामन्ती पकड हावी रहेकोले यसले हरेका क्षेत्रको विकासलाई प्रभावित पारेको छ । सुधारको नाममा अनेक भूमि ऐन बनेको छ । २०५१ मा बडाल आयोग, २०६५ मा गजुरेल आयोग तथा २०६७ मा बस्नेत आयोग बनाएर सरकारले धेरै सुझावहरू संकलन पनि गरेको छ तर यसको कार्यान्वयन यति कमजोर देखियो कि तीन आयोग मध्ये कुनै लागू भएन । एक से एक क्रान्तिकारी सरकार आए । भूमि समस्यालाई चर्काए । आफू सरकारमा आउँदा सिन्को पनि भाँच्न नसक्दा सामन्ती प्रभावको बलियो पकड त्यसै कायम रहेको प्रष्ट हुन्छ । वैज्ञानिक कृषि प्रणालीको अवधारणा सबै पार्टीले ल्याएका छन् । कृषिलाई बैज्ञानिकीकरण गर्ने सबै पार्टीको नीति रहेको अवधारणा पत्रबाट थाहा हुन्छ तर कार्यान्वयनको अभावमा कृषि यथास्थितिको पीडा भोगि रहेको सबैलाई थाहा छ । कुनै साल कुनै वालीको राम्रो उब्जनी भयो भने त्यसैलाई प्रचारको ठूलो माध्यम बनाएर रमाउनेबाहेक सरकारले कृषिका लागि केही उल्लेखनीय फडको मार्न सकेको छैन ।

बडाल आयोगको तालिका १.१ अनुसार २०१८ सालमा भएको कृषि गणना अनुसार जग्गाधनी खेतीकर्ताको प्रतिशत ४०.३७ र मोही खेतीकर्त्ताको प्रतिशत २५.४८ देखाएको छ । ३० वर्ष पछि जग्गाधनी खेतीकर्त्ताको संख्या १६.५ प्रतिशत र मोही खेतीकर्त्ताको संख्या ८.७ प्रतिशतमा झरेको देखाएको छ ।

इसिमोड, २००० को सर्वेक्षण अनुसार "सामान्यतया नेपालका भूमि नीतिले बहुसंख्यक जनसंख्यालाई नकारात्मक असर पारेको र भूमिको गुणस्तरमै ह्रास गराइएको पाइएको छ । भूमिमा आएको यो ह्रासले गरिबीलाई बढाएको र गरिबीले भूमिको ह्रासमा झनै गम्भीर असर पारेको हुनाले यिनीहरू पारस्परिक रूपले सहयोग पुऱ्याउने प्रक्रिया बनेका छन । भूअधीनत्व तथा उपभोग अधिकार समता र कार्यदक्षता दुबैका दृष्टिले प्रतिकूल देखिएका छन ।"

भूमिसुधार सम्बन्धी जति नीति तथा कार्यक्रम आएको छ त्यति नै मात्रामा कृषि, बन र सिंचाईमा वैदेशिक सहायता भित्रिएको देखिन्छ । वैदेशिक सहायताको क्रम भंग भएको छैन । तर कृषि दिनानुदिन परावलम्बी हुँदै गएको समाचार हामी विभिन्न पत्र पत्रिकाबाट थाहा पाउँछौं । ६७ वर्षको लगातार प्रयासले कृषिलाई निर्वाहमुखी पनि बनाउन नसक्ने सरकारले कृषिलाई उद्योगको रूपमा विकास गर्ने गफाडी घोषणा पत्रहरूको अम्बार लगाएर कृषिमा सुधार हुन सक्दैन । कृषि निर्वाहमुखी रहन् नसकेर रोजगारको अभावमा अन्दाजी ५० लाख युवा विदेशिन बाध्य भएका छन् । कृषिप्रतिको उदासीनता बढ्दै गएका कारण मानिस कृषि पेशा छोड्दै अन्य पेशामा संलग्न हुन थालेका छन् । कृषिको ह्रासोन्मुख अवस्थाका कारण पनि कृषिप्रतिको आकर्षण घट्दै गएको देखिन्छ ।

सामन्ती भू-स्वामित्वको प्रभाव कृषि विकासको बाटोमा मुख्य अवरोधकको रूपमा रहेकोले यसलाई समूल नष्ट गर्ने भूनीति आउन जरूरी छ । नेपालमा श्रमशक्तिसंग जग्गा छैन, जोसंग जग्गा छ उसलाई कृषिसंग कुनै चासो छैन । जग्गावाल र श्रमशक्तिसंगको चर्को अन्तर्विरोधको अन्त नभएसम्म कृषिमा विकासको कुनै लक्षण देखा पर्न सक्दैन ।

दोश्रो समस्या भू-उपयोग नीतिको अस्पष्टता हो । भूमिको वर्गीकरण नगरि अव्यवस्थित ढंगले भूमिको प्रयोगले पनि कृषि उत्पादनको क्षेत्रमा ठूलो संकट ल्याएको छ । देशभरि भारि संख्यामा कृषियोग्य भूमिको आवास निर्माणमा प्रयोग भएकोले कृषि उत्पादकत्व धरापमा पर्न गएको देखिन्छ । कृषियोग्य भूमिलाई अन्य प्रयोजनको प्रयोगलाई तत्काल बन्द गरिनु पर्दछ । कृषिमा आएको वैदेशिक सहायतालाई सोझै निर्धारित प्रयोजनका लागि उपयोग गरिनु पर्दछ । कृषिमा बढ्दो परनिर्भरताबाट किञ्चित पनि नडराउने जिम्मेवार सरकारी संयन्त्रलाई चुस्त दुरूस्त बनाउन र अझ बढि जिम्मेवार बनाउन ठोस कदम चाल्नु पर्दछ । जमीनमा जोत्नेको हक सुनिश्चित गर्न अझै स्पष्ट भूनीति आउन जरूरी देखिन्छ । कृषिको उत्पादकत्व बढाउन आधुनिक वैज्ञानिक कृषि औजार तथा सहकारी कृषिको अवधारणा लिएर जाँदा कृषि विकासको नतिजा सजिलै हेर्न सकिने निश्चित छ ।

*(मधेश दर्पण फिचर सेवा)*

## संघीयता...

एउटा सचिवले ४ वटासम्म गाविस चलाएको संक्रमणकालीन अवस्था अहिले पनि हट्न सकेको छैन ।

स्थानीय मन्त्रालय स्रोतका अनुसार ट्रेड युनियनहरु हावी भएका कारण मन्त्रालयका सचिवदेखि मन्त्रीसम्म उनीहरुको प्रभावमा परेका छन् । खटाएको कर्मचारी राजनीतिक दलको उपल्लो तहसम्म पहुँच राख्ने भएकाले सरुवा बदर गराउन सफल हुन्छन् भने कतिपय बिरामीको बहाना बनाएर नक्कली डाक्टरको प्रेसक्रिप्सन पेस गरी लामो बिदामा बस्ने गरेका छन् ।

मुलुकको हरेक राजनीतिक परिवर्तनमा कर्मचारीले सकेसम्म फाइदा मात्र लुट्दै आएका छन् । जनता भोकै परे तापनि समयअनुसार कर्मचारीको वृत्ति विकास पनि भएकै छ । दोस्रो जनआन्दोलन ०६२।६३ सफल भएपछि कर्मचारी युनियनहरुले दबाब दिएर स्वतः बढुवाको नीति पारित गराए । यसरी बढुवा भएको कर्मचारी व्यवस्थापन गर्न सरकारले ठूलो असजिलो झेल्नु पऱ्यो । निजामती कर्मचारीले अहिले पनि स्वतः बढुवा खोजिरहेका छन् । स्थानीय तहमा पठाउँदा एक तह बढुवा गरिदिनुपर्ने भनाइ उनीहरुको छ । उता अटेरी कर्मचारीलाई तह लगाउनुको सट्टा सरकार गोल्डेन हेन्डसेकका नाममा बीस वर्ष सेवा अवधि र ५० वर्ष उमेर पुगेकालाई अर्बौं खर्चेर बिदा दिने तयारीमा लागेको छ । अटेरीलाई बिदा दिँदा र नयाँ नियुक्ति गर्दा राष्ट्रिय ढिकुटीको ठूलो रकम खर्चिनुपर्ने हुन्छ । विकासमा लगाउनुपर्ने पैसा फोकटिया रुपमा खर्च हुने देखिन्छ ।

निजामती कर्मचारी स्थायी सरकार भए पनि चरम राजनीतिको भुँवरीमा फसेको छ । कर्मचारीभित्र दलैपिच्छेका ट्रेड युनियन सक्रिय छन् । ट्रेड युनियनका नेताहरु सचिवभन्दा ठूला बनेर घुम्ने गरेका छन् । निजामतीभित्रको अराजकता हटाउन ट्रेड युनियन खारेज हुनुपर्ने माग पनि आउने गरेको छ । तर एमाले, कांग्रेस, माओवादी जस्ता ठूला दलको राष्ट्रिय ढिकुटीबाट तलब खाने कार्यकर्ताहरु ट्रेड युनियनमा भएकाले जालो तोड्न सहज छैन । ठूला दलले समय समयमा आफ्नो प्रभाव विस्तार गर्न ट्रेड युनियनमार्फत कर्मचारीको राजनीतिमा प्रयोग गर्ने हुनाले त्यसैको परिणामस्वरुप कर्मचारी अराजक बनेका हुन् ।

## राष्ट्रियसभामा...

घोषित परिणाम अनुसार राष्ट्रियसभामा एमालेले २९ सिट, कांग्रेसले १३, माओवादी १०, राजपा र फोरमले २/२ सिट हात पारेका छन् । प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवले शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएकोमा उम्मेदवार राजनीतिक दल लगायत सबै पक्षलाई धन्यवाद दिएका छन् । राष्ट्रियसभाको निर्वाचनसँगै अब नयाँ सरकारको लागि मार्गसमेत प्रशस्त हुने भएको छ ।

यसैबीच नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले फागुनको दोस्रो साता शेरबहादुर देउवाले नयाँ सरकारलाई सत्ता हस्तान्तरण गर्ने बताएका छन् ।

## उत्तरकोरिया...

प्रमाणित गरेको बताउनुभयो । नेपाल कोरिया मैत्रीसंघका अध्यक्ष मञ्जुरत्न शाक्यले हिउँदे ओलम्पिकमा भाग लिई जसरी उत्तरकोरियाले शान्तिप्रति प्रतिबद्धता जाहेर गरेको छ, त्यसैगरी संयुक्त राष्ट्र संघ तथा अमेरिका र यससँग सम्बद्ध राष्ट्रहरुले उत्तरकोरियामाथि लगाएको आर्थिक नाकाबन्दी तुरुन्तै हटाउनुपर्ने र कोरियाली प्रायद्विपमा भइरहेको अमेरिकी संयुक्त सैन्य अभ्यास बन्द गरी त्यहाँबाट अमेरिकी फौज हटाउनुपर्ने माग गर्नुभयो ।

बिहीबार अपरान्ह मालेको केन्द्रीय कार्यालयको हलमा सम्पन्न कार्यक्रममा नेकपा मालेका पोलिटब्युरो सदस्य तथा केन्द्रीय सदस्यहरुलगायतको बाक्लो उपस्थिति थियो ।